कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

## व्यावसायिक तथा सीप विकास तालीम केन्द्र

सैवु, भैसेपाटी, ललितपुर

# व्यावसायिक तथा सीप विकास तालीम संचालन निर्देशिका, २०६८

फोन नं. ५५९०८००,५५९०८०१,५५९०२५४
फ्याक्स नं. ५५९०८९४
इमेल: info@training.gov.np
वेव साईट : www.training.gov.np

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

# बिषयसूची

*परिच्छेद-१ प्रारम्भिक*

१.निर्देशिकाको नाम

२. परिभाषा

*परिच्छेद-२ तालिम आवश्यकताको पहिचान*

३. अध्ययन/सर्भेक्षणका विषयवस्तु

४. तालिम आवश्यकता अध्ययन गर्दा समेटिनु पर्ने विषयहरु

*परिच्छेद ३ सीप विकास तालिमको प्रकार*

५. तालीमका प्रकार

१ आधारभूत (Basic)/नियमित (Regular) सीपमूलक तालिम

२ सहभागितामूलक सीप विकास तालिम (Training on Participation)

३ सीप अभिवृद्धि तालिम (Advanced Training)

४ वैदेशिक रोजगार र यूवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालिम (Special Skill Development Training Concerning SE & FE)

५ उद्यमशीलता विकास (Entrepreneurship Development) तालिम

६ महिला आवासीय तालिम (Women Residential Training)

७ प्रशिक्षक प्रशिक्षण तथा पुनर्ताजगी तालिम (TOT & Refresher Training)

८ अभिमुखिकरण तालिम (Orientation Training)

९ समयको आधारमा तालिमको वर्गिकरण

*परिच्छेद ४ तालिमको विषय निर्धारण*

६. तालीमका विषय छनोट

*परिच्छेद ५ पाठ्यक्रम (**Curriculum**) सम्बन्धी व्यवस्था*

७. पाठ्यक्रम

८. पाठ्यक्रम निर्माण र स्वीकृति

९.पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरु

*परिच्छेद ६ प्रंशिक्षार्थी छनौट तथा प्रशिक्षण विधि*

१०. प्रशिक्षार्थी संख्या निर्धारण र समूह निर्माण

११. प्रशिक्षार्थीमा हुनुपर्ने आवश्यक योग्यत

१२. प्रशिक्षार्थी छनौट प्रकृया

१३. प्रशिक्षार्थी छनौट समिति

१४. प्रशिक्षण विधि तथा कार्यतालिका

*परिच्छेद ७ तालिममा उत्पादित सामानहरुको व्यवस्थापन तथा मूल्यांकन*

१५. उत्पादित सामानहरुको व्यवस्थापन

१६. तालिमबाट उत्पादित सामानको मूल्यांकन प्रकृया

*परिच्छेद ८ प्रशिक्षकको योग्यता, रोष्टर तथा पारिश्रमिक र सुविधा*

१७ प्रशिक्षक व्यवस्था र योग्यता

१८. प्रशिक्षकको रोष्टर निर्माण

१९. प्रशिक्षकको सेवा शुल्क

*परिच्छेद १० तालिम खर्च सम्बन्धी व्यवस्था*

२०. लागत अनुमान तयारी

२ वार्षिक कार्य योजना बनाउनु पर्ने

३ खाजा खर्च

४ आवासीय तालिम खर्च

५ पारिश्रमिक खर्च

६ वैठक भत्ता सम्बन्धी व्यवस्था

७ दैनिक भ्रमण भत्ता

८ खरिद प्रकृया

९ तालिमबाट उत्पादित सामानको आम्दानी खर्च

१० तालिम हल भाडा खर्च

११ रकमान्तर

१२ प्रगति

*परिच्छेद ११ सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन*

१ प्रशिक्षार्थी अनुगमन

२ बजार व्यवस्थापनमा सहयोग

३ प्रभाव मूल्यांकनको व्यवस्था

*परिच्छेद १२ विविध*

१ तालिम प्रवर्द्धन समिति र यसको काम, कर्तव्य र अधिकार

२ सहभागितामूलक तालिम कार्यक्रम सञ्चालन गर्दा विचार गरिनुपर्ने बुंदाहरु

३ पुनः सहभागितामूलक तालिम प्रदान गर्ने व्यवस्था

४ सहभागितामूलक तालिमबाट उत्पादित सामान सम्बन्धी व्यवस्था

५ सहभागितामूलक तालिम प्रतिवेदन सम्बन्धी व्यवस्था

६ सहभागितामूलक तालिमको प्रमाणपत्र सम्बन्धी व्यवस्था

७ सहभागितामूलक तालिम सम्बन्धी अन्य व्यवस्था

८ प्रशिक्षार्थी छनौट

९ प्रशिक्षार्थी स्थापन तथा अनुगमन

१० वैदेशिक रोजगार र यूवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालिमको लागि विशेष व्यवस्था

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

११ कागजात धुल्याउने व्यवस्था

१२ आचार सहिता बनाई लागू गर्ने

१३ निदेशिकाको व्याख्या तथा थप व्यवस्था

१४ आवश्यक संशोधन र थपघट गर्न सकिने

१५ खारेजी र बचाउ

## अनुसूचीहरु

अनुसूची १ स्थलगत अध्ययन फाराम

अनुसूची २ स्थलगत अध्ययन फाराम

अनुसूची ३ सहभागितामूलक तालिम सम्बन्धी प्रस्ताव/सम्झौता

अनुसुची ४ तालिमका विषयहरु

अनुसुची ५ तालिम आवेदन फाराम

अनुसूची ६ प्रशिक्षार्थी छनौट मूल्यांकन फाराम

अनुसूची ७ तालिम सम्पन्न प्रतिवेदन

अनुसूची ८ परिशिष्ट (प्रमाणपत्रका नमूनाहरु)

अनुसुची ९ उत्पादित सामानको मूल्यांकन फाराम

अनुसुची १० करार सेवामा प्रशिक्षक नियुक्ति गर्दाको सम्झौता पत्र

अनुसूची ११ प्रशिक्षार्थी अनुगमन फाराम

अनुसूची १२ उत्कृष्ट प्रशिक्षार्थीको व्यक्तिगत विवरण

| प्रतिवेदनसम्बन्धि महत्वपूर्ण व्यवस्था |
|---|
| क) मासिक प्रगति प्रतिवेदन<br>➢ मासिक प्रगति प्रतिवेदन तयार गरी प्रत्येक महिना भुक्तान भएको तीन गते भित्र मासिक रुपमा पठाउनुपर्नेछ ।<br>➢<br>ख) चौमासिक प्रतिवेदन<br>➢ चौमासिक प्रगति प्रतिवेदन चौमासिक सम्पन्न भएको मितिले ५ दिनभित्र पठाउनु पर्नेछ । |

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

ग) बार्षिक प्रगति प्रतिवेदन-

- बार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले १० दिन भित्र विभागमा आइपुग्ने गरी अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

व्यावसायिक तथा सीप विकास तालीम केन्द्रबाट संचालन हुने सीपमूलक तालीम कार्यक्रमलाई प्रभावकारी बनाई एकरुपता ल्याउन तथा उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गर्दै तालीम कार्यक्रम संचालनमा पारदर्शीता र मितव्ययीता कायम गर्न बाञ्छनीय भएकोले सुशासन (व्यबस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. (१) यस निर्देशिकाको नाम "**व्यावसायिक तथा सीप विकास तालीम संचालन निर्देशिका**, २०६८" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, :

(क) "मन्त्रालय" भन्नाले श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ख) "केन्द्र" भन्नाले व्यावसायिक तथा सीप विकास तालीम केन्द्रहरुलाई सम्झनु पर्दछ ।

(ग) "तालुक निकाय" भन्नाले जिल्ला स्थित केन्द्रको हकमा व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, भैंसेपाटी र भैंसेपाटी केन्द्रको हकमा  मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "लक्षित समूह" भन्नाले सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएको दलित, आदिवासी, जनजाती समूह, मधेशी, मुस्लिम, अपाङ्ग, शहिदका परिवार, द्वन्द प्रभावित, एकल महिला, दूर्गम पिछडिएका ग्रामीण क्षेत्रका महिला तथा आर्थिक दृष्टिकोणले विपन्न वेरोजगार समेतलाई सम्झनु पर्दछ ।

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

## परिच्छेद - २

## तालीम आवश्यकताको पहिचान

३. **तालिम कार्यक्रम छनौट** : (१) केन्द्रवाट तालीम संचालन पूर्व स्थानीय आवश्यकता, माग र संभाव्यताका आधारमा उद्योग व्यवसाय स्थापना गर्ने तथा स्वरोजगारी सिर्जना गर्न सहयोग पुऱ्याउने, स्वदेशी तथा वैदेशिक बजारको सम्भावित माग समेतको पहिचान गरी तालीम कार्यक्रमहरुको छनौट गर्नुपर्नेछ ।

(२) स्थानीय माग, आवश्यकता तथा परम्परागत सीपलाई आधुनीकिकरण गर्ने खालका कार्यक्रमको साथै घरेलु तथा साना उद्योग व्यवसायको प्रबर्द्धन गर्न सघाउ पुऱ्याउने गरि तालीम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) केन्द्रबाट प्रशिक्षण पाएका प्रशिक्षार्थीलाई औद्योगिक तथा व्यावसायिक वातावरण सृजना गर्दै स्वरोजगारी तर्फ अभिप्रेरित गर्ने तालीम सञ्चालन गर्नुपर्नेछ ।

(४) वैदेशिक रोजगारीको लागि संभावित क्षेत्रहरुलाई लक्षित गरी सम्मानजनक, सुरक्षित, मर्यादित वैदेशिक रोजगारीका लागि सीपयूक्त जनशक्ति विकासमा सहयोग पुऱ्याउने तालीम कार्यक्रम छनौट गर्नुपर्नेछ ।

४. **अध्ययन/सर्भेक्षणका विषय** : (१) स्थानीयस्तरबाट माग भै आएका कार्यक्रमका सम्बन्धमा कार्यक्रमको आवश्यकता, सम्भाव्यता तथा उद्योग स्थापना तथा रोजगारीका संभावना, स्वरोजगारी तथा वैदेशिक रोजगारीको हिसावले उपयुक्त भए नभएको केन्द्रहरुले आवश्यक अध्ययन/सर्भेक्षण गरी सूचना संकलन गर्नुपर्दछ । उक्त कार्य गर्दा देहायका बिषयवस्तुहरुलाई ध्यानमा राख्नु आवश्यक हुनेछ ।

(क) **माग भएका तालीम** : स्थानीय निकाय, संघ संस्थाहरु, उद्यमी, व्यवसायी र ब्यक्ति विशेषबाट माग भएका तालीमका विषयहरुको बजारको आवश्यकता एवं सम्भाव्यताका बारेमा लेखाजोखा गरी सूचना तथा जानकारी संकलन गर्नुपर्नेछ ।

(ख) **स्थानीय आवश्यकता परिपूर्ति गर्ने प्रकारका तालीम** : जिल्लामा उपलव्ध कच्चा पदार्थ, सीप तथा साधनको उचित सदुपयोग गरी लघु, घरेलु तथा साना उद्यम, व्यवसायको विस्तार तथा प्रवर्द्धनवाट स्वरोजगारी सृजना गर्न के कस्तो तालीमको आवश्यकता पर्दछ ? बजार माग कस्तो छ ? सो बारे अध्ययन गर्नु आवश्यक हुनेछ । यस सन्दर्भमा स्थानीय स्वदेशी कच्चा पदार्थको प्रयोग तथा परिचालन अधिकतम रुपमा हुन सहयोग पुग्ने स्थानीय परम्परागत सीपको संरक्षण र विकासमा सहयोग हुने, चालु तथा सम्भाव्य

उद्योगको संचालन र विस्तार एवं रोजगारी, स्वरोजगारी तथा वैदेशिक रोजगारीको प्रवर्द्धनमा सघाउ पुग्ने तालीम कार्यक्रमको पहिचान गरी कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ।

(२) तालीम आवश्यकता अध्ययन गर्दा समेटिनु पर्ने विषयहरु :

क) स्थानीय परम्परागत सीपको प्रवर्द्धन एवं प्रयोग,

ख) उद्योग व्यवसायको वर्तमान स्थिति ,

ग) स्वेदेशी र वैदेशिक श्रम वजारको माग र रोजगारीको सम्भावना,

घ) स्थानीय कच्चा पदार्थहरुको उपलव्धता,

ङ) उत्पादित वस्तु तथा सेवाको बजार पहूँच

च) स्वरोजगारीको सम्भावना

(३) तालिम आवश्यकता पहिचान प्रकृया : (क) जिल्ला स्थित रोजगार सूचना केन्द्र, वित्तिय संस्थाहरु, स्थानीय निकायहरु, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ, महिला तथा वालवालिका कार्यालय, बैंक, गैह्र सरकारी संस्थाहरु, वैदेशिक रोजगार व्यवसायी लगायत स्थानीय रोजगारदाता र व्यक्ति विशेषबाट माग एवं सिफारिस भएका तालीमका विषयहरुको लगत राख्नुपर्नेछ।

(ख) दफा (३)(क) मा उल्लेखित निकायहरु वा व्यक्ति विशेषबाट सिफारिस वा माग प्राप्त नभएको अवस्थामा अध्ययन वा सर्वेक्षणबाट संकलित सूचनामा आधारित र विनियोजित बजेट समेतलाई दृष्टीगत गरी तालीमका विषय किटानी गर्नुपर्नेछ।

(ग) स्थलगत अध्ययन गर्दा **अनुसूची-१ र अनुसूची-२** का फारमहरु प्रयोग गर्नुपर्नेछ।

(घ) आर्थिक वर्षको चौमासिक विभाजन अनुसार निर्धारित तालीम कार्यक्रम सम्पन्न गर्नु पर्ने भएकोले अध्ययनलाई क्रमबद्ध गर्नुपर्नेछ र माग गर्नेहरुमध्ये आफै उद्योग व्यवसाय सञ्चालन गर्ने वा स्वरोजगार तथा रोजगारीमा जाने व्यक्तिहरुको पहिचान गरी तालीमको प्राथमिकता तय गर्नुपर्नेछ।

(४) तालीम पहिचान अध्ययन प्रतिवेदनमा निम्नानुसारका कुराहरु समावेश भएको हुनुपर्नेछः

(क) तालीम माग गर्ने व्यक्तिहरुको बसोबास रहेको स्थान परिचय र नेपाल सरकारबाट तालीम लिए नलिएको।

(ख) तालीम विषयको माग र आवश्यकता विवरण (मागको पृष्ठभूमी समेत)।

(ग) स्थानीय कच्चा पदार्थको उपलब्धता, सम्भाव्यता र उपयोगको विवरण।

(घ) संचालित उद्योगहरुको संख्या र जनशक्ति मागको अवस्था।

(ङ) सम्भावित बजारको माग, दूरी, आकार, उपभोक्ताको स्तर र वैकल्पिक बजार व्यवस्था।

(च) विगतमा सो स्थानमा कुनै तालीम संचालन भएको भए सोको विवरण र समन्वयको अवस्था।

(छ) निष्कर्ष एवम् सुझाव (तालीम नतिजा उन्मुख हुने नहुने आधार सहितको अवस्था प्रतिवेदनमा खुलाउनु पर्नेछ)।

## परिच्छेद - ३

## सीप विकास तालीमको प्रकार

५. **तालीमका प्रकार** : केन्द्रहरुबाट स्थानीय माग, आवश्यकता तथा बजार संभाव्यतालाई ध्यानमा राखी निम्नानुसार तालीम कार्यक्रम सञ्चालन गरिनेछ :

(१) **आधारभूत (Basic)/नियमित (Regular) सीपमूलक तालीम** : (क) प्रशिक्षार्थी छनौट समितिबाट छनौट भएका प्रशिक्षार्थीहरुलाइ केन्द्रहरुको प्रत्यक्ष व्यबस्थापनमा प्रशिक्षकको पारिश्रमिक, प्रशिक्षार्थी भत्ता, कच्चा पदार्थ लगायत अन्य तालीम सामग्रीको व्यवस्था समेत गरी सञ्चालन गरिने तालीमलाई आभारधूत /नियमित सीपमूलक तालीम भनिन्छ।

(ख) बार्षिक स्वीकृत तालीम कार्यक्रम अनुसार प्रत्येक ६/६ महिनामा तालीमको बिषय, संख्या, आवश्यक योग्यता, छनौट प्रकृया आदि बिषय खुलाई आवेदनको लागि सार्वजनिक सूचना मार्फत दरखास्त आव्हान गरी दरखास्त लिई प्रशिक्षार्थी छनौट समितिबाट अन्तरवार्ता लिई छनौट भएका प्रशिक्षार्थीहरुलाइ यस प्रकारको तालीम प्रदान गरिनेछ।

(ग) सैद्धान्तिक विषयका साथसाथै वढी भन्दा वढी प्रयोगात्मक विधिवाट सीप सिकाई सीपयूक्त जनशक्ति उत्पादन गर्नु यसको उद्देश्य रहेको छ।

(२) **<u>सहभागीतामूलक सीप विकास तालीम</u>** <u>(Training on Participation)</u>: (क) केन्द्रहरुहरुबाट आफ्नै व्यबस्थापन तथा खर्चबाट माग एवं आवश्यक देखिएका सबै तालीम कार्यक्रम संचालन गर्न संभव नभएको तथा अन्य अनुभबी निकायसंग मिली संयुक्त रुपमा खर्च व्यहोर्ने गरी (cost sharing) तालीम सञ्चालन गर्दा थप प्रभाबकारी हुने अवस्था देखिएमा यस प्रकारको तालीम सञ्चालन गरिन्छ ।

(ख) सीप विकास तथा उद्यमशीलता विकास तालीम सञ्चालन गर्ने उद्देश्य रहेका, यस प्रकारको तालीमको अनुभव बटुलेका, तालीमको लागि आवश्यक भौतिक पूर्वाधार समेत रहेका, तालीम पश्चात प्रशिक्षार्थी अुगमन एवं कर्जा प्रवाहमा समेतमा योगदान गर्न सक्ने सरकारी, अर्धसरकारी तथा गैर सरकारी निकायबाट रितपूर्वकको प्रस्ताव सहित संयुक्त रुपमा तालीम सञ्चालन गर्न माग भै आएमा लक्षित समूह, तालीमको प्रभावकारिता, स्वीकृत कार्यक्रम तथा स्थापनको संभावना हेरी लागत सहभागिता (cost sharing) को आधारमा संचालन गरिने तालीम सहभागीतामूलक तालीम हो ।

(ग) स्वीकृत कार्यक्रमको परिधि भित्र रही सम्बन्धित संस्थासंग सम्फौता गरी यस प्रकारको तालीम सञ्चालन गरिनेछ ।

(घ) कुनै संघ संस्था वा समूहवाट लागत समेत व्यर्होने गरी सीप विकास तालीमको लागि अनुरोध गरेमा दफा (५) को उपदफा (८) अनुसार गर्नुपर्नेछ । सहभागीतामूलक तालीम सञ्चालनको लागि गरिने प्रस्ताव तथा सम्फौताको ढांचा **अनुसुची-३** अनुसारको हुनेछ ।

(३) **<u>सीप अभिवृद्धि तालीम</u>** <u>(Advanced Training)</u> : (क) केन्द्रहरुले यस अघि सञ्चालन गरेको कुनै विषयमा आधारभूत तालीम लिइ सकेका वा परम्परागत सीप अनुरुपको व्यबसाय गरिआएका तर सीप अनुरुपको व्यवसाय गर्न सोही बिषयमा थप तालीमको आवश्यकता देखिएमा निर्धारित पाठ्यक्रम अनुसार सीप अभिवृद्धि तालीम (Advanced Training) सञ्चालन गरिनेछ ।

(ख) सीप अभिवृद्धि तालीम प्राप्त गर्नको लागि सम्वन्धित विषयमा आधारभूत (Basic) तालीम प्राप्त गरी व्यवसाय सञ्चालन गरिरहेको हुनुपर्नेछ ।

(ग) सीप अभिवृद्धि तालीमको विषय निर्धारण गर्दा तालीम आवश्यकता पहिचान समेतलाई आधार लिनुपर्नेछ ।

(४) **<u>वैदेशिक रोजगार र यूवा स्वरोजगार सम्वन्धी विशेष सीप विकास तालीम</u>** : (क) कुनै खास वर्ग, समुदाय, क्षेत्र, पेशामा रहेका व्यक्तिलाई लक्षित गरी सैद्धान्तिक ज्ञानको न्यून प्रयोग तथा व्यावहारिक प्रविधि र सीपको लागि प्रयोगात्मक विधिवाट सीप सीकाई दिईने तालीमलाई

विशेष सीप विकास तालीम भनिन्छ। यस्तो तालीम अल्पकालिन, मध्यमकालिन र लामो अवधिको हुनेछ।

(ख) तालीम आवश्यकता पहिचानका आधारमा लक्षित समूहको पहिचान र प्रशिक्षार्थी छनौट गरी उद्यमशीलता विकास तालीम दिइने, उक्त तालीम पश्चात स्थानीय माग र आवश्यकता, बजार संभाव्यता, कच्चा पदार्थ, सीप/प्रबिधि उपलब्धताको आधारमा उपयुक्त व्यबसायको पहिचान र छनौट गरी सोही बिषयमा सीप विकास तालीम प्रदान गरिने, तालीम पश्चात तालीमका सहभागीहरुलाई आवश्यक कर्जा, आवश्यकता अनुसार व्यावसायिक परामर्श दिई सफल उद्यमीको रुपमा स्थापित गर्ने तथा स्वदेशी र वैदेशिक रोजगारीमा जान ईच्छुक यूवाहरुलाई श्रम वजारको माग अनुरुप सीप प्रदान गरी सीपयूक्त जनशक्ति उत्पादन गर्ने उद्देश्य राखी यस्ता तालीम प्याकेजमा सञ्चालन गरिने छ।

(ग) त्यस्ता तालीम वैदेशिक रोजगारीबाट फर्केका वा वैदेशिक रोजगारीमा नगएका व्यक्तिहरुलाई स्वदेशमै स्वरोजगारीका लागि अभिप्रेरित गर्न समेत संचालन गरिनेछ।

(५) **उद्यमशीलता विकास (Entrepreneurship Development) तालीम** : (क) लक्षित समूहका व्यक्तिहरुलाई स्वरोजगारी प्रति आकर्षित गराउन, आत्मनिर्भर बन्ने उपायहरु बारे जानकारी दिन, उद्यम व्यवसाय तथा रोजगारी सम्बन्धि जानकारी दिन, सफल उद्यमी बन्नको लागि आवश्यक ज्ञान, सीप र बृत्ति विकास गराउन, समग्रमा सीपमूलक तालीम कार्यक्रमकै प्रभावकारिता अभिबृद्धि गर्ने उद्देश्यले उद्यमशीलता विकास तालीम सञ्चालन गरिनेछ।

(ख) यो तालीम केन्द्रबाट स्वीकृत पाठ्यक्रम बमोजिम सञ्चालन गरिनेछ। यो तालीम केन्द्रहरुकै व्यवस्थापनमा सञ्चालन हुने नियमित तालीम कार्यक्रम अन्तरगत वा अलगगै वा सहभागीतामूलक तालीमको रुपमा समेत सञ्चालन गर्न सकिनेछ।

(ग) केन्द्रबाट मध्यम र लामो अवधिको तालीम लिने प्रशिक्षार्थीहरुलाई तालीमको अन्त्यमा न्यूनतम पांच(५) दिनको उद्यमशीलता विकास तालीम दिइसकेपछि मात्र सीप विकास तालीम प्रमाणपत्र दिइनेछ।

(६) **महिला आबासीय तालीम** : (क) गरिबीको रेखामूनि रहेका, आर्थिक, सामाजिक रुपमा पछि परेका विपन्न वर्ग, आदिवासी जनजाती, दलित, मधेशी, हिंसा एवं द्वन्द पिडित, मुस्लिम, एकल महिला, पिछडिएको क्षेत्र तथा ग्रामीण भेगमा बसोबास गर्ने, अल्पसंख्यक महिलाहरुलाई मात्र लक्षित गरी महिला आबासिय सीप विकास तालीम संचालन गरिनेछ।

(ख) यो तालीमको मुख्य उद्देश्य लक्षित समुहलाई लामो अवधिको तालीम मार्फत विशेष र वहुमुखी सीप प्रदान गरी सामाजिक परिचालन र स्वरोजगारको माध्यमवाट आत्मनिर्भर बनाउने हुनेछ ।

(ग) यो तालीममा प्रशिक्षार्थीलाई आबास, खाना, खाजा लगायत तालीमको लागि आवश्यक सम्पूर्ण कच्चा पदार्थ समेत केन्द्रले नै व्यहोर्ने छ ।

(७) **प्रशिक्षक प्रशिक्षण तथा पुनर्ताजगी तालीम** : (क) केन्द्रको दरवन्दीमा विगत दुई वर्ष देखि कार्यरत प्रशिक्षकहरुलाई बजारको माग अनुरुप समसामायिक विषयको प्रविधिको जानकारी दिन तथा सीपको अभिवृद्धि गर्ने उद्देश्यले वजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही छोटो अवधिको पुनर्ताजगी तथा प्रशिक्षक प्रशिक्षण तालीम केन्द्रले संचालन गर्नेछ ।

(ख) यस्तो तालिम केन्द्र आफैंले सन्चालन गर्दा प्रभावकारी नहुने भएमा नीजि संस्थाहरुको सहजीकरण वा सहभागितामा पनि संचालन गर्न सकिनेछ ।

(८) **अभिमुखिकरण तालीम** : (क) वैदेशिक रोजगारीमा पठाउने सरकारी निकाय वा नीजि संघ सस्था वा व्यक्तिहरुको समूहले छोटो अवधिको अभिमुखिकरण तालीम प्रदान गर्न अनुरोध गरेमा केन्द्रको वार्षिक कार्यक्रममा असर नपर्ने गरी तालुक निकायको स्वीकृत लिई संचालन गर्न सकिने छ ।

(ख) यस्तो प्रकारको तालीम अनुरोध गर्ने निकायले प्रशिक्षार्थीलाई उपलव्ध गराउनु पर्ने आवश्यक तालीम सामाग्री, सेवा सुविधा, प्रशिक्षकको पारिश्रमिक, तालीम सञ्चालनको क्रममा व्यवस्थापकीय कार्यमा संलग्न हुने कर्मचारीलाई उपलव्ध गराउने पारीश्रमिक लगायतका तालीम सम्वन्धी चालु प्रकृतिका खर्च तथा पूँजिगत प्रकृतिको सामान (मेशिन औजार, फर्निचर आदि) वा सो को लागि लाग्ने रकम नगदै दिने भए सो र आय व्ययको लेखापरीक्षणको विषय सम्झौतामा स्पष्ट किटान गर्नुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम प्राप्त सामान वा आफै खरिद गरेका पूंजिगत सामान जिन्सीमा आम्दानी जनाउनु पर्नेछ ।

(घ) पूँजिगत सामान खरिदको लागि वजेट विनियोजन भएको तर उक्त वजेटवाट खरिद नगर्दै सामान प्राप्त भएमा दोहोरो पर्ने गरी खरिद गर्न पाईने छैन । यस्तो प्राप्त रकमवाट खरिद गरेको पुँजीगत सामानको सूची सहितको जानकारी तालुक निकायलाई दिनुपर्नेछ ।

(घ) नियमित वजेटवाट यस्ता पूँजिगत प्रकृतिका सामान खरिद भैसकेको अवस्थामा सो वापत नगद प्राप्त हुन आएमा सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्नेछ । सामान प्राप्त भएमा अभिलेख राखी तालुक निकायलाई जानकारी दिनु पर्नेछ ।

(ङ) अन्य कुरा सहभागीतामुलक तालीम कार्यक्रममा तोकिएका प्रकृया अनुसार गर्नुपर्नेछ ।

(९) **समयको आधारमा तालीमको वर्गीकरणः** (क) एक महिना भन्दा कम अवधिको तालीम छोटो/अल्पकालीन हुनेछ ।

(ख) एक महिना देखि तीन महिना सम्मको मध्यम अवधिको तालीम हुनेछ ।

(ग) तीन महिना देखि माथिको लामो अवधिको तालीम हुनेछ ।

(घ) आधारभूत र नियमित तालीम, विशेष सीप विकास तालीम, आवासीय तालीम सामान्यतया मध्यम र लामो अवधिको हुने तथा उद्यमशीलता विकास, अभिमुखिकरण तथा प्रशिक्षक प्रशिक्षण तालीम छोटो अवधिको हुनेछ ।

(ङ) तालीमको अवधि स्वीकृत पाठ्यक्रममा निर्धारण गरे अनुसार हुनेछ ।

## परिच्छेद - ४

## तालीमको विषय निर्धारण

६. **तालिमको विषय छनौट** : (१) केन्द्रहरुहरुले तालीमको प्रभावकारिता अभिवृद्धि हुने गरी तालीमको उपयुक्त विषय (Trade) छनौट गर्नुपर्नेछ ।

(२) वार्षिक कार्यक्रम प्रस्ताव गर्दाकै वखत कुन कुन तालीम कति जनालाई कहाँ र कुन तरिकाबाट दिने हो पुष्टयाईं र कार्ययोजना सहित केन्द्रहरुले तालुक निकायमा प्रस्तुत गर्नुपर्नेछ ।

(३) स्वीकृत बार्षिक कार्यक्रम र वजेट प्राप्त हुनासाथ तालीम कार्यक्रमको स्वीकृत संख्या अनुसार कार्य योजना र पुष्ट्याईंका आधारमा चालु आ.व. भरीमा सञ्चालन गरिने तालीमका बिषयहरुको छनौट गरी सूची तयार गर्नुपर्नेछ ।

(४) यसरी तालीमको विषय छनौट गर्दा निम्न आधारहरुलाइ ध्यान दिनु पर्ने छ :

(क) स्थानीय स्तरमा सञ्चालित लघु, घरेलु तथा साना उद्योग/ब्यबसाय स्थापना तथा प्रवर्द्धनमा सघाउ पुर्‍याउने विषयहरु ।

(ख) स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको ब्याबसायिक उपयोग हुने विषयहरु ।

(ग) तालीमको वजार माग अध्ययनबाट सिफारिस गरिएका संभाव्य विषयहरु ।

(घ) स्थानीय माग, आवश्यकता हेरी स्थानीय निकायबाट सिफारिस गरिएका संभाव्य विषयहरु ।

(ङ) स्वदेशी तथा वैदेशिक रोजगारीको दृष्टिकोणले उपयोगी देखिएका विषयहरु ।

(च) रोजगारी प्राप्ती तथा स्वरोजगारी सिर्जना गर्न संभाव्य देखिएका बजारमुखी विषयहरु ।

(छ) स्थापन (Placement) गर्न सकिने आधार सहित सरकारी तथा गैरसरकारी निकायबाट माग एवं सिफारिस भएका विषयहरु ।

(ज) निर्यात प्रबर्द्धन तथा आयात प्रतिस्थापन गर्न सघाउ पुऱ्याउने बिषयहरु ।

(झ) केन्द्रवाट संचालन गरिने तालीमका विषय **अनुसूची-४** मा उल्लेख भए वमोजिम हुनेछ ।

## परिच्छेद - ५
## पाठ्यक्रम (Curriculum) सम्वन्धी व्यवस्था

७. **पाठ्यक्रम** : (१) सबै सीपमूलक तथा उद्यमशीलता विकास तालीम निर्धारित एवं स्वीकृत पाठ्यक्रम अनुसार सञ्चालन हुनेछन् ।

(२) पाठ्यकम तयार भै नसकेको कुनै नयां विषय (Trade) मा तालीम दिनु पर्ने देखिएमा यस अघि तयार गरिएको वा उपलब्ध पाठ्यक्रमलाई आधार मानी नयां पाठ्यक्रम तयार गरी तालुक निकायबाट स्वीकृत गराएर मात्र तालीम सञ्चालन गर्नु पर्नेछ ।

८. **पाठ्यक्रम (Curriculum) निर्माण र स्विकृतिः** (१) सीपमूलक तालीमहरुको पाठ्यक्रम निर्माण र परिमार्जन गरी लागू गर्ने काम भैंसेपाटी केन्द्रको हुनेछ ।

(२) भैंसेपाटी केन्द्रले निर्माण र परिमार्जन गर्ने पाठ्यक्रम देहाय वमोजिमको प्राविधिक समितिको सिफारिस सहित स्वीकृतीको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ :

| | | |
|---|---|---|
| क) | कार्यकारी निर्देशक | संयोजक |
| ख) | श्रम मन्त्रालयले तोकेको अधिकृत(विज्ञ) | सदस्य |
| ग) | सम्बन्धित विषयको विज्ञ प्रतिनिधि | सदस्य |
| घ) | सम्बन्धित विषयको प्रशिक्षक | सदस्य |

ङ)    केन्द्रको पाठ्यक्रम विकास अधिकृत वा अर्थशास्त्री    सदस्य सचिव

(३) पाठ्यक्रमको गहनता र जटिलता हेरी वा उक्त विषयको प्रशिक्षक केन्द्रमा नभएमा थप १ जना सम्वन्धित विषयको विज्ञ समेत संयोजकले आमन्त्रित गर्न सक्ने छ ।

(४)भैंसेपाटी केन्द्रले पाठ्यक्मको मस्यौदा पाठ्यक्रम शाखा मार्फत आफै तयार गर्नुपर्नेछ । कुनै पाठ्यक्रम नँया निर्माण गर्दा वा भैरहेकोलाई परिमार्जन गर्दा मातहतका केन्द्रहरुको राय सुझाव, अन्य निकायको सोही प्रकृतिको पाठ्यक्रम समेतको आधारमा तयार गर्नुपर्नेछ ।

(५) कुनै विषयको पाठ्यक्रमको मस्यौदा तयार गर्ने जनशक्ति केन्द्रमा नभएमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित कानूनको प्रकृया अनुसार परामर्श सेवा लिई तयार गर्न सकिनेछ ।

(६) केन्द्रमा कुनै विषयको पाठ्यक्रम तयार नभएको तर वजार माग अनुसार कुनै विषयका तालीम संचालन गर्नु पर्ने अवस्थामा वाह्य निकायवाट संचालन गराउने तालीमको हकमा त्यस्ता निकायवाट पाठयोजना सहितको पाठ्यक्रम र पाठ्यविषयवस्तु माग गरी प्राविधिक समितिले सिफारिस गरेमा सो पाठ्यक्रमको आधारमा तालीम संचालनको स्वीकृत दिन सकिने छ ।

९. **पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरु** : (१) पाठ्यक्रमको निर्माण गर्दा देहायका विषयमा ध्यान पु-याई ति कुराहरु समावेश गर्नुपर्नेछ :

(क) पाठ्यक्रमको उद्देश्य, लक्ष्य, संरचना, प्रशिक्षकको योग्यता र अनुभव, प्रशिक्षार्थीहरुको समूहमा हुने न्यूनतम संख्या, योग्यता र अनुभव, तालीम अवधि, प्रशिक्षण कार्यमा आवश्यक पर्ने मेशिन औजार तथा सामाग्रीहरु, अन्य आवश्यक कच्चा (चालु प्रकृतिका) सामग्री र तिनको परिमाण ।

(ख) सैद्धान्तिक जानकारी (पाठ शीर्षक, पाठ्य विषयवस्तु, तिनको क्षेत्र र क्रम, दिनु पर्ने आवश्यक ज्ञान, प्रशिक्षण विधि, क्रियाकलाप र सो पाठ शीर्षकको लागि लाग्ने समयावधि) ।

(ग) व्यवहारिक तथा प्रयोगात्मक सीप (कार्यहरुको पाठ्य विषयवस्तु, तिनको क्षेत्र र क्रम, कार्य चरण, आवश्यक दक्षता र सिक्नु पर्ने विषय, ज्ञान, विशेष ध्यान दिनु पर्ने विषय, प्रशिक्षण विधि क्रियाकलाप तथा सो पाठ्यसूचिको लागि लाग्ने समय अवधि) ।

(घ) आन्तरिक मूल्यांकन पद्दती (सैद्धान्तिक र व्यवहारिक) तथा लामो र मध्यमकालीन तालीमको सीप परीक्षण सम्बन्धी वाह्य मूल्याङ्कन व्यवस्था ।

## परिच्छेद - ६

## प्रशिक्षार्थी छनौट तथा प्रशिक्षण विधि

१०. **प्रशिक्षार्थी संख्या निर्धारण र समूह निर्माण** : (१) उपलब्ध श्रोत साधन, मेशिन औजार, कच्चापदार्थ, लक्षित समूह, प्रशिक्षक उपलब्धता, तालीमको व्यवस्थापनमा सहजता आदि पक्षलाई हेरी प्रशिक्षार्थी संख्या निर्धारण गर्नु पर्नेछ ।

(२) सामान्यतया प्रशिक्षार्थी र प्रशिक्षकको संख्या २०:१ रहने गरी तालिमको समुह निर्माण गरिनेछ । तर मनासिब आधार देखिएमा प्राविधिक विषयमा दश(१०) देखि बीस(२०) जना सम्म र अन्य विषयमा बीस(२०) देखि माथि उपयुक्त संख्यामा प्रशिक्षार्थी रहने गरी एउटा समूह निर्माण गरेर तालीम सञ्चालन गर्न बाधा पर्नेछैन ।

(३) बीस(२०) जना भन्दा बढि प्रशिक्षार्थीहरुलाई एउटै समूहमा राखी तालीम सञ्चालन गर्नु पर्ने अवस्थामा प्रशिक्षक र सहायक प्रशिक्षक गरी दुई(२) जना प्रशिक्षक राख्न सकिनेछ ।

(४) प्रशिक्षार्थी संख्या निर्धारण गर्दा लक्षित समूहको संभावित सहभागीतालाई ख्याल गर्नुपर्नेछ ।

११. **प्रशिक्षार्थीमा हुनुपर्ने आवश्यक योग्यता** : (१)प्रशिक्षार्थी नेपाली नागरिक हुनुपर्नेछ ।

(२) प्रशिक्षार्थीको उमेर १६ बर्ष पुरा भै ५० बर्ष ननाघेको हुनुपर्नेछ । कुनै विषयमा विशेष प्रतिभा भएको प्रशिक्षार्थीको हकमा उमेरको हद लागू हुनेछैन ।

(३) शैक्षिक योग्यता :

(क) प्रशिक्षार्थीको लागि आवश्यक शैक्षिक योग्यता पाठ्यक्रममा तोकेअनुसार हुनेछ ।

(ख) भैंसेपाटी केन्द्रले प्रत्येक सीप विकास तालीमको लागि आवश्यक पर्ने प्रशिक्षार्थीको योग्यताको सूची तयार गरी जिल्लास्थित केन्द्रमा समेत पठाउनु पर्नेछ ।

(ग) मोटरसाइकल मर्मत, मोवाइल टि.भि मर्मत, हाउस वायरिङ, प्लम्बिङ्ग, जनरल इलेक्ट्रिकल वर्क्स आदि जस्ता उच्च प्रविधियुक्त सीपमूलक तालीमको लागि दशम कक्षा पास भएको हुनुपर्नेछ । तर पाठ्यक्रममा तोकिसकेको भए सोही अनुसार हुनेछ ।

(घ) उद्यमशीलता विकास तालीमको लागि व्यावसायिक तथा सीपमूलक तालीम लिई उद्यम व्यवसाय गर्न शुरु गरेका वा गर्न ईच्छुक तर यस अघि त्यस्तो तालीम लिईसकेको देखिएमा त्यस्तालाई यो तालीममा सहभागी गराइने छैन ।

**द्रष्टव्य** : सीपमूलक तालीम लिइ सकेका प्रशिक्षार्थीहरु, उद्यम व्यबसाय गरिरहेका उद्यमीहरु तथा साधारण लेखपढ गर्न मात्र जान्ने तर उद्यमशीलता विकास तालीम लिन इच्छुक लक्षित समूह (दलित जनजाती, महिला आदि) मध्येबाट एकैनासे (Homogeneous) प्रशिक्षार्थीहरुको लागि छुट्टै समूह खडा गरी उद्यमशीलता विकास तालीम दिन सकिनेछ ।

१२. **छनौट प्रकृया** : सहभागीतामूलक तालीम बाहेक अन्य तालीम कार्यक्रममा प्रशिक्षार्थी छनौट गर्दा निम्न प्रकृया अपनाइनेछ :

(१) **दरखास्त आव्हान** : (क) स्वीकृत कार्यक्रमको लक्ष्य अनुसार तालीमको लागि छनौट भएका विषय, अवधि, प्रशिक्षार्थी संख्या, आवेदन दिने स्थान र मिति, आवश्यक शैक्षिक योग्यता, प्रशिक्षार्थी छनौट प्रकृया, तालीम सञ्चालन हुने स्थान समेत खुलाई कम्तिमा २१ दिनको म्याद दिई सार्वजनिक रुपमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी दरखास्त आव्हान गरिनेछ ।

(ख) यसरी प्रकाशित सूचना अनुसार प्रशिक्षार्थीले पेश गर्नुपर्ने आवेदन फाराम **अनुसूची-५** बमोजिम हुनेछ ।

(२) **प्रचार प्रसार** : (क) जिल्ला स्थित सम्वन्धित कार्यालयहरु, बढी जनसम्पर्क हुने कार्यालयहरु, उद्योग वाणिज्य महासंघ, संघ, सम्वन्धित गा.वि.स. तथा न.पा.का वडा कार्यालयहरुमा सूचना पठाई प्रचार प्रसार गरिनेछ ।

(ख) तालीम सञ्चालन हुने गा.बि.स. तथा नगरपालिकको हकमा सम्वन्धित वडा कार्यालयलाई जानकारी दिइनेछ ।

(ग) अनलाइन सेवा (Online Sevice) सञ्चालन गर्ने केन्द्रहरुहरुको हकमा वेबसाइट (Website) मा समेत दरखास्त आव्हानको सूचना राख्न सकिनेछ ।

(३) **लिखित परीक्षा** : (क) प्रशिक्षार्थीको पूर्व ज्ञान र सीपवारे जानकारीको स्तर थाहा पाउन, समरुपता ल्याउन तथा तालीम दिनु पर्ने संख्या भन्दा आवेदन वढी परेमा लामो अवधिका तथा बिशेष प्रविधियुक्त तालीममा अन्तरवार्ताद्वारा प्रशिक्षार्थीको अन्तिम छनौट गर्नुपूर्व आधारभूत तालीमको हकमा तालीम लिन चाहेको विषयमा प्रशिक्षार्थीहरुको चाहना, तत्परता, लगाव एवं उद्यमशीलताको लक्षण बुझिने स्तरका र सीप अभिवृद्धि तालीमको हकमा आधारभूत तालीममा सिकाईने विषयहरुसंग सम्बन्धित वस्तुगत प्रश्नद्वारा लिखित परीक्षा लिइनेछ ।

(ख) लिखित परीक्षामा कम्तिमा चालिस (४०) प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने प्रशिक्षार्थीहरु अन्तिम छनौटको लागि अन्तरवार्तामा सम्मिलित हुन पाउने छन् ।

(४) **<u>अन्तरवार्ता</u>** : (क) लिखित परिक्षा हुने भनी तोकिएका विषयमा लिखित परिक्षामा उत्तीर्ण भएका र अन्य बिषयहरुको हकमा नियमानुसार आवेदन फर्म पेश गरेका प्रशिक्षार्थीको छनौट अन्तरवार्ताबाट हुनेछ ।

(ख) अन्तरवार्तामा पारिवारिक पृष्ठभूमी तथा आर्थिक स्तर, व्यक्तित्व, व्यबसायिक सीप उपयोगितास्तर, व्यबसायिक प्रतिबद्धता, उद्यमशीलताको लक्षण, लक्षित समूह आदिलाई आधार मानिनेछ ।

(ग) प्रशिक्षार्थी छनौट गर्दा आवश्यक संख्याको अतिरिक्त थप ३० प्रतिशत सम्म बैकल्पिक प्रशिक्षार्थीको रुपमा छनौट गर्न सकिनेछ ।

(घ) सहभागीतामूलक तालीमको हकमा सम्वन्धित संस्थासंग भएको सम्फौता अनुरुप प्रशिक्षार्थी छनौट हुनेछ ।

(ङ) अन्तरवार्ता फाराम **अनुसूची-६** बमोजिम हुनेछ ।

**द्रष्टव्यः** पारिवारिक पृष्ठभूमी भन्नाले यस अन्तरगत लक्षित समूह भित्रको सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएको दलित, आदिवासी, जनजाती समूह, मधेशी, मुस्लिम, अपांग, सहिदका परिवार, द्वन्द प्रभावित, एकल महिला, दूर्गम, पिछडिएका ग्रामीण क्षेत्रका महिला तथा आर्थिक दृष्टिकोणले विपन्न बेरोजगार सर्बसाधारणलाइ बुफाउंदछ । लक्षित समूहले आफ्नो पहिचान खुल्ने कागज सम्बन्धित सरकारी निकाय, गाउं विकास समिति वा स्थानीय प्रशासनबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

१३. **<u>प्रशिक्षार्थी छनौट समिति</u>** : (१) लिखित र अन्तरवार्ताद्वारा प्रशिक्षार्थी छनौट गर्न निम्नानुसारको एक प्रशिक्षार्थी छनौट समिति रहनेछ :

**(अ) भैंसेपाटी केन्द्रको हकमा :**

| | | |
|---|---|---|
| क. | केन्द्र प्रमुख वा निजले तोकेको अधिकृत | संयोजक |
| ख. | सम्बन्धित स्थानीय निकायको प्रतिनिधि | सदस्य |
| ग. | सम्वन्धित विषयको विज्ञ वा प्रशिक्षक | सदस्य |
| घ. | सम्वन्धित तालीम कार्यक्रम हेर्ने अधिकृत/कर्मचारी | सदस्य सचिव |

(आवश्यकतानुसार सम्बन्धित क्षेत्रको एक जना स्थानीय विशेषज्ञलाई संयोजकले आमन्त्रण गर्न सक्नेछ ।)

**(आ) जिल्ला स्थित केन्द्रहरुको हकमा :**

| | | |
|---|---|---|
| क. | केन्द्र प्रमुख | संयोजक |
| ख. | स्थानीय निकाय (जि.वि.स.वा न.पा.वा गा.वि.स.) को प्रतिनिधि | सदस्य |
| ग. | घरेलु तथा साना उद्योग संघ वा उ.वा.संघको प्रतिनिधि | सदस्य |
| घ. | स्थानीय स्तरमा उपलव्ध ′क′ वर्गको वित्तिय संस्थाको प्रतिनिधि | सदस्य |
| ङ. | केन्द्रहरुमा तालीम कार्यक्रम हेर्ने प्राविधिक वा कर्मचारी | सदस्य सचिव |

(आवश्यकतानुसार सम्बन्धित क्षेत्रको एक जना स्थानीय विशेषज्ञलाई संयोजकले आमन्त्रण गर्न सक्नेछ ।)

(२) तालीमको विषय हेरी बढीमा १ जना विशेषज्ञ वा तालीमसँग सम्वन्धित व्यक्ति आमन्त्रित गर्न सकिनेछ ।

१४. **प्रशिक्षण विधि तथा कार्यतालिका :** (१) कुनै सीपमूलक तालीम केन्द्रहरु स्वयंले तालीम स्थल, मेशिन औजार तथा प्रशिक्षक आदि व्यवस्था गरी तालीम सञ्चालन गर्नु भन्दा नजिकको प्रशिक्षण केन्द्र वा मर्मत कार्यशाला (Workshop) मा प्रशिक्षार्थी पठाई कार्यगत (On- the- job) रुपमा तालीम सञ्चालन गर्दा बढी प्रभावकारी हुने देखिएमा त्यस्ता प्रशिक्षण केन्द्र वा मर्मत कार्यशाला (Workshop) सँग सम्झौता गरी तालीम सञ्चालन गर्न सकिनेछ ।

(२) स्वीकृत पाठ्यक्रम अनुसार सीपमूलक तालीम कार्यक्रममा निम्न बिधि प्रयोग गरी तालीम सञ्चालन हुनेछ :

(क) तालीमको बिषयबस्तु सम्वन्धी सैद्धान्तिक ज्ञानको लागि व्याख्यान बिधि ।

(ख) तालीमको बिषयबस्तुको व्यबहारिक ज्ञानको लागि प्रयोगात्मक बिधि ।

(ग) अवलोकन ।

(घ) नमूना उत्पादन ।

(ङ) उद्यम व्यबसाय प्रति आकर्षित गर्न, उद्यम व्यबसायको महत्व बारे जानकारी दिन, सफल उद्यम सञ्चालन गर्न आवश्यक पर्ने बजार, बिक्रयकला, लेखापालन, बजारीकरण रणनीति आदि बारेमा जानकारी दिन उद्यमशीलता विकास सम्बन्धी ज्ञान ।

(३) तालीममा छनौट भै सहभागी भएका प्रशिक्षार्थी न्यूनतम नब्बे प्रतिशत (९०%) रुजु हाजिर भएको हुनुपर्नेछ। सो अनुसार हाजिर नपुग्ने प्रशिक्षार्थीलाई तालीमबाट हटाइनेछ। यसरी हटेका प्रशिक्षार्थीहरुले खाजा खर्च तथा तालीम सम्पन्न गरेको प्रमाणपत्र पाउने छैनन् ।

(४) सबै सीपमूलक तालीमको समय दैनिक कम्तिमा छ(६) घण्टा र साप्ताहिक ३४ घण्टाको हुनेछ। तर उद्यमशीलता विकास तालीमको हकमा सो तालीमको लागि स्वीकृत पाठ्यक्रम र कार्यविधि अनुसार हुनेछ।

(५)तालीम संचालन गर्ने प्रशिक्षकले मासिक कार्यतालिका (पाठयोजना) बनाई प्रशिक्षार्थीलाई अग्रिम जानकारी गराउनुपर्नेछ । सो को जानकारी अनुगमन गर्ने पदाधिकारी र निकायलाई पनि दिनुपर्नेछ।

(६) सार्वजनिक विदा बाहेक अन्य दिनमा कुनै खास आकस्मिक कारण परी तालीम संचालन हुन नसकेमा सो को सट्टा अर्को दिन सञ्चालन गर्नुपर्नेछ।

(७) सामान्यतया तालीम दिउंसो सञ्चालन गरिनेछ। तर आवश्यकता अनुसार तालीमको प्रकृति हेरी उपयुक्त देखिएमा सम्वन्धित सबैसंग समन्वय गरी अन्य समयमा पनि तालीम सञ्चालन गर्न सकिनेछ।

(८) लामो अवधिको तालीममा कम्तिमा पांच(५) दिन (१५ शेसन) उद्यमशीलता विकास सम्वन्धी कक्षा सञ्चालन गरिनेछ । यसरी दिइने उद्यमशीलता विकास तालीमको बिषय (Topic) निर्धारित पाठ्यक्रम अनुसार हुनेछ। त्यसै गरी प्रशिक्षार्थीहरुलाइ एक(१) पटक सम्वन्धित सफल उद्यमीसंग साक्षात्कार गराइनेछ।

(९) तालीमको विषय हेरी लामो अवधिको तालीमका प्रशिक्षार्थीहरुलाइ तालीम अवधि मै एक पटक बजार/उद्योग अवलोकन गराउन सकिनेछ।

(१०) तालीमको अन्तिम चरणमा तालीमको विषय हेरी लिखित वा प्रयोगात्मक वा दुवै परीक्षा लिएर तालीमको गुणस्तर मूल्यांकन गरिनेछ। प्रशिक्षकले सो मूल्यांकन गरी प्रतिवेदन सहित पेश गर्नुपर्नेछ।

(११) प्रत्येक तालीम सम्पन्न भएपछि सोको प्रतिवेदन तयार गरिनेछ। आर्थिक वर्ष समाप्त भएपछि मातहतका केन्द्रहरुले भैसेपाटी केन्द्रमा र भैसेपाटी केन्द्रले सवै केन्द्रहरुहरुको समग्र तालीम कार्यक्रमको एकमुष्ठ प्रतिवेदन तयार गरी एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ। प्रतिवेदनको ढाँचा **अनुसूची-७** बमोजिमको हुनेछ।

(१२) तालीम सम्पन्न भएपछि सहभागी प्रशिक्षार्थीहरुलाई **अनुसूची-८** अनुसारको ढांचामा तालीम प्रमाण पत्र दिइनेछ।

(१३) विशेष सीप विकास तालीम र लामो अवधिको तालीम सम्पन्न भएपछि प्रशिक्षार्थीलाई केन्द्रले सम्बद्ध निकायहरुसंग समन्वय गरी सीप परीक्षणको व्यवस्था मिलाउनु पर्ने छ।

(१४)कुनै तालीम केन्द्रवाट संचालन गर्नु भन्दा वाह्य सरकारी तथा गैरसरकारी निकाय तथा निजी संघसंस्थावाट संचालन गर्दा प्रभावकारी हुने भएमा सार्वजनिक खरिद ऐन तथा नियमावली तथा प्रचलित कानूनले तोकेको प्रकृया अनुसार गर्नुपर्नेछ।

## परिच्छेद - ७

## तालीममा उत्पादित समानहरुको व्यवस्थापन तथा मूल्यांकन

१५. **तालिमबाट उत्पादित सामानको व्यवस्थापन** : (१) तालीम कार्यक्रम अन्तरगत उत्पादित समानहरुको छुट्टै जिन्सी खाता राखी आम्दानी, विकि परिमाण र विकिवाट प्राप्त रकम राजश्व दाखिला गरेको अभिलेख देखिने गरी जिन्सी व्यवस्थापनको प्रकृया अनुसार दाखिला गर्नुपर्नेछ।

(२) तालीमको क्रममा उत्पादित समानहरुको मूल्यांकन एवं विक्री मूल्य निर्धारण गरी विक्री गरी प्राप्त रकम नेपाल सरकारको सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्नेछ। सामानको मूल्याकंन गर्दा **अनुसूची-९** बमोजिमको फाराम अनुसार गर्नुपर्नेछ।

(३) उत्पादित समानहरुको मूल्यांकन गर्नको लागि निम्नानुसारको एक मूल्यांकन समिति रहनेछ

**(क) उत्पादित समानहरुको मूल्यांकन समिति :**

**(अ) भैंसेपाटी केन्द्र :**

| | | |
|---|---|---|
| (१) | केन्द, प्रमुख वा नीजले तोकेको अधिकृत | संयोजक |
| (२) | मन्त्रालयको अधिकृत स्तरको प्रतिनिधि | सदस्य |
| (३) | लेखा प्रमुख | सदस्य |
| (४) | सम्वन्धित प्राबिधिक | सदस्य |
| (५) | सम्वन्धित स्टोर प्रमुख | सदस्य सचिब |

**(आ) जिल्ला स्थित तालीम केन्द्रहरु :**

| | | |
|---|---|---|
| (१) | केन्द्र प्रमुख | संयोजक |
| (२) | लेखाप्रमुख | सदस्य |
| (३) | सम्वन्धित प्राविधिक | सदस्य |

| | | |
|---|---|---|
| (४) | स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| (५) | सम्वन्धित स्टोर प्रमुख | सदस्य सचिब |

१६. **तालीमबाट उत्पादित समानको मूल्यांकन प्रकृया** : (१) तालीम सञ्चालनको क्रममा प्रशिक्षार्थीबाट उत्पादित सामानको गुणस्तर राम्रो नहुन सक्ने भै लागतको आधारमा मूल्यांकित रकम (परलमोल)मा विक्री हुन नसक्ने देखिएमा सो को पुष्ट्याईं सहित मूल्यांकन समितिले ठहर गरे बमोजिम परलमूल्यको पच्चिस प्रतिशत (२५%) सम्म मूल्य कम गरी विक्री मूल्य कायम गर्न सकिनेछ।

(२) मूल्यांकन गर्दा बस्तु उत्पादन गर्न खरिद भएको कच्चामालको खर्चलाई मात्र आधार मानिनेछ।

(३) उत्पादन गरेको मितिले ६ महिनासम्म पनि उत्पादित सामानहरु विक्री हुन नसकेमा मूल्यांकन समितिको सिफारिसमा केन्द्र प्रमुखले शुरु परलमोलमा पुनः पच्चिस प्रतिशत (२५%) सम्म मूल्य कम गरी विक्री मूल्य कायम गरी उत्पादित सामानहरु विक्री गर्न सकिनेछ।

(उदाहरण : कच्चामाल खरिदको आधारमा एउटा ब्लाउजको परलमोल १००।- हुन आयो। दफा ८.२.१ अनुसार २५ प्रतिशत मूल्य कम गरी विक्री मूल्य रु ७५।- कायम गरियो। विक्री मूल्य ७५।- कायम गरेको ६ महिना सम्म पनि सो ब्लाउज विक्री हुन नसकेमा मूल्यांकन समितिको सिफारिसमा सुरु परल मोल अर्थात रु १००।- मा ५० प्रतिशत कम गरी अर्थात विक्री मूल्य रु ५०।- कायम विक्री गर्न सकिनेछ।

(४) तालीमबाट उत्पादित तुरुन्त बिग्रन सक्ने बस्तुको मूल्यांकन (costing) नगरी तत्काल लगत कट्टा गर्ने।

(५) कार्यालय प्रयोजनका लागि प्रयोग गर्न सकिने सामग्रीहरु (फर्निचर आदि) को हकमा सार्वजनिक पर्वहरुमा, प्रशिक्षण कार्यमा तथा कार्यालय सरसफाई प्रयोजनमा प्रयोग गर्ने र सोको अभिलेख जिन्सी खातामा राख्नुपर्ने छ। कार्यालयमा प्रयोग गर्नुपर्ने खर्च भएर नजाने सामान भए मन्त्रालयको स्वीकृति लिएर प्रयोग गर्ने व्यवस्था मिलाउन सकिनेछ।

(६) तालीमबाट उत्पादित अन्य सामानहरु उपदफा (३) बमोजिम शुरु परलमोलमा पचास प्रतिशत (५०%) मूल्य घटाउंदा पनि विक्री वितरण हुन नसकेमा मूल्य घटाएको ६ महिना पश्चात आर्थिक कार्यविधि नियमहरु बमोजिम लिलाम विक्रिको कार्यवाही गर्नुपर्नेछ।

(७) उत्पादित सामानहरुको कम गुणस्तर तथा अन्य कारणले उपदफा (१), (३) र (६) बमोजिम परलमोलमा मूल्य घटाउंदा पनि विक्री हुन नसकेमा तालुक निकायको स्वीकृत लिई देहाय बमोजिम गर्नुपर्नेछ :

(क) सिलाइ बुनाई तथा हाते बुनाइ होजियारी, इम्ब्राइडरी तयारी पोशाक जस्ता तालीमबाट उत्पादित सामानहरु मूल्य कम गरेको छ महिनासम्म पनि विक्री हुन नसकेका सामानहरु नेपाल सरकारबाट गठित दैवि प्रकोप उद्धार समितिहरु, नेपाल रेडक्रस सोसाइटी, स्थानीय निकाय (जि.बि.स/न.पा/गा.बि.स.) जस्ता संस्थाहरुबाट मनासिब आधार खुलाइ माग भएमा निःशुल्क रुपमा वितरण गर्ने गरी ती संस्थाहरुलाई हस्तान्तरण गर्ने र जिन्सी अभिलेखबाट लगत कट्टा गर्ने । यसको जानकारी तालुक निकायलाई दिनुपर्नेछ ।

(ख) माथिका प्रकृयाबाट उत्पादित सामानहरु एकवर्ष सम्म पनि विक्रि वितरण हुन नसकेमा आर्थिक कार्यविधि नियमावली बमोजिम मिनाहा सम्बन्धी कार्यवाही गरी लगत कट्टा गर्नुपर्नेछ ।

## परिच्छेद - ८

## प्रशिक्षकको योग्यता, सूची (Roster) तथा पारिश्रमिक र सुविधा

१७. **प्रशिक्षकको व्यवस्था र योग्यता** : (१) सामान्यतया २० जना प्रशिक्षार्थीको लागि एकजना प्रशिक्षक रहनेछ । अर्थात प्रशिक्षार्थी र प्रशिक्षकको अनुपात २०:१ रहनेछ ।

(२) प्रशिक्षार्थी संख्या २० जना भन्दा बढी भै एक भन्दा बढी प्रशिक्षकको व्यवस्था गर्दा योग्यता, दक्षता, र अनुभवको आधारमा एक जनालाई प्रशिक्षक र अरुलाई सहायक प्रशिक्षकको रुपमा तोक्नुपर्नेछ ।

(३) सामान्यतयाः प्रशिक्षकको व्यवस्था गर्दा देहाय अनुसार गरिनेछ :

(क) उपलब्ध भएसम्म केन्द्रहरुमा कार्यरत प्रशिक्षक वा सहायक प्रशिक्षकलाइ नै प्रशिक्षकको रुपमा खटाउनु पर्नेछ ।

(ख) सम्वन्धित विषयको दक्ष प्रशिक्षक केन्द्रहरुमा नभएमा वा थप प्रशिक्षकको व्यवस्था गर्नु पर्ने भएमा भैंसेपाटी केन्द्रसँग समन्वय राखी केन्द्रहरुमा कार्यरत प्रशिक्षकहरुलाई काजमा झिकाई तालीम सञ्चालन गर्न खटाउन सकिनेछ ।

(ग) खण्ड (ख) बमोजिम दक्ष प्रशिक्षक उपलब्ध नहुने अवस्थामा तालीम संचालन गर्न गराउन देहाय अनुसारको योग्यता भएका स्थानीय बजारमा उपलव्ध बिभिन्न बिषयका योग्य एवं दक्ष प्रशिक्षकहरुको सूचि आ.व. सुरु हुनुभन्दा अगावै अद्यावधिक गरी राखिनेछ ।

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

| सि.न. | शैक्षिक योग्यता वा तालीम वा अनुभव | सेवा शुल्क |
|---|---|---|
| १ | सम्बन्धित विषयमा स्नातक वा सम्वन्धित विषयमा १ वर्षको तालीम लिएको वा सम्वन्धित कामको २ वर्षको अनुभव भई सम्बन्धित सीपमा **CTEVT** बाट दुई तहको सीप परीक्षण पास भएको । | नेपाल सरकारको राजपत्र तृतिय श्रेणीको तलव स्केल । |
| २ | सम्बन्धित विषयमा प्रमाण पत्र वा सम्वन्धित विषयमा ६ महिनाको तालीम लिएको वा सम्वन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा **CTEVT** बाट एक तहको सीप परीक्षण पास भएको । | नेपाल सरकारको राजपत्र अनंकित प्रथम श्रेणीको तलव स्केल । |
| ३. | सम्बन्धित विषयमा एस.एल.सी. वा सम्वन्धित विषयमा ६ महिनाको तालीम लिएको वा सम्वन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा **CTEVT** बाट एक तहको सीप परीक्षण पास भएको । | नेपाल सरकारको राजपत्र अनंकित द्बितिय श्रेणीको तलव स्केल । |
| ४ | सम्वन्धित विषयमा परम्परागत सीप र प्रविधि भई न्यूनतम एक वर्ष अवधिसम्म उद्योग व्यवसाय दर्ता गरी व्यवसाय गरी बसेको र सम्बन्धित सीपमा **CTEVT**बाट एक तहको सीप परीक्षण पास भएको । | नेपाल सरकारको राजपत्र अनंकित द्बितिय श्रेणीको तलव स्केल । |

(घ) उद्यमशीलता विकास तालीमका लागि प्रशिक्षक सूची (Roster)मा राख्दा पाठ्यक्रममा उल्लेखित सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लिइसकेकालाई मात्र राख्नुपर्नेछ ।

१८. <u>**प्रशिक्षकको सूची (Roster) निर्माण**</u> : (१) केन्द्र र जिल्लास्थित केन्द्रहरुले संचालन गर्ने सीप विकास तालीमको लागि सम्वन्धित विषयको प्रशिक्षक केन्द्र र मातहतमा समेत नभए वा भएपनि तालीमको कारण अर्को स्थानमा गई तालीम दिन नपुग हुने भएमा तालुक निकायको स्विकृति लिई देहायको आधारमा सूची (Roster)मा रहेका प्रशिक्षक र विज्ञलाई सेवा करारवाट तालीम अवधिको लागि मात्र नियुक्त गर्न सकिनेछः

(क) छोटो अवधिको तालीमको लागि प्रशिक्षक नियूक्त गर्न पाईने छैन । गर्नु पर्ने अवस्था आएमा आधार र कारण सहित तालुक निकायमा पठाई निर्देशन अनुसार गर्नु पर्ने छ ।

(ख) प्रत्येक केन्द्रले सम्वन्धित विषयको विज्ञ/प्रशिक्षकहरुको सूची (Roster) तयार गर्नुपर्नेछ । यस्तो सूची (Roster) प्रत्येक आ.व. शुरु हुनु भन्दा अगावै अद्यावधिक गराउनु पर्नेछ ।

(ग) सूची (Roster) निर्माण गर्दा भैंसेपाटी केन्द्रले जिल्लास्थित केन्द्रको लागि समेत राष्ट्रिय स्तरको पत्रिकामा १५ दिनको सार्वजानिक सूचना प्रकाशन गर्नु पर्ने छ ।

(घ) सूचना भैंसेपाटी केन्द्रको वेव साईटमा राखि जिल्लास्थित केन्द्रमा समेत सम्वन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र केन्द्रमा टाँस गर्न पठाउनुपर्नेछ ।

(ङ) जिल्लास्थित केन्द्र समेतले पर्न आएका निवेदन छानविन गरी तोकेका योग्यता पुगेका दरखास्तवाला विज्ञहरुको सूची (Roster) निर्माण गर्नुपर्नेछ ।

(च) नेपाली नागरिक, सम्वन्धित विषयको लागि आवश्यक योग्यता र अनुभव भएको आधारमा योग्य व्यक्तिको सूची (Roster)मा नाम समावेश गरी भैंसेपाटी केन्द्रको वेव साईटमा सूचनाको म्याद समाप्त भएको १५ दिन भित्र राख्नुपर्नेछ ।

(छ) सूची (Roster)मा नभएको वा नयाँ विषयमा प्रशिक्षक सेवा करारमा लिनुपर्ने भएमा समयमै खण्ड (ख) बमोजिम सूचना गरी सूची (Roster) खडा गरी मात्र लिन सकिनेछ । तर समय नभ्याउने मनासिव माफिकको कारण सहित तालुक निकायको स्वीकृति लिई सोझै करारमा लिन सकिनेछ ।

१९. **प्रशिक्षकको सेवा शुल्क** : (१) सूची (Roster)मा रहेका प्रशिक्षकको सेवा शर्त सम्बन्धी विषयहरु प्रचलित कानून, निर्देशिका र परिपत्रको अधिनमा रही गरेको सम्झौता अनुसार हुनेछ । सेवा शुल्क नेपाल सरकारले सम्बन्धित श्रेणीलाई तोकेको शुरु तलव स्केल वरावर हुनेछ । सम्झौताको ढांचा **अनुसूची-१०** बमोजिम हुनेछ ।

(२) एक महिना भन्दा कम समयको छोटो अवधिको तालीमको लागि सूची (Roster)मा भएको प्रशिक्षकहरुलाई करार सेवामा नियुक्ति गर्नुपर्दा माथि उल्लेखित योग्यता, अनुभव तथा आबश्यकता र उपलब्धताको आधारमा सम्वन्धित श्रेणीले पाउने मासिक तलवको प्रति दिन हुन आउने रकममा वार्ताद्धारा ५० प्रतिशतसम्म गरी थप दिन सकिनेछ ।

(३) सूची (Roster)मा रहेको कुनै खास विशेष सीप, दक्षता, योग्यता रहेको व्यक्तिलाई माथी उल्लेखित पारिश्रमिक भन्दा बढी पारिश्रमिक दिने गरी करारमा नियुक्ति गर्नु पर्ने भएमा औचित्य र कारण सहित पेश गरी तालुक निकाय र अर्थ मन्त्रालयवाट स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद - ९

## तालीम खर्च सम्बन्धी व्यवस्था

२०. **लागत अनुमान तयार गर्ने** : (१) कुनै पनि तालीममा लाग्ने आवश्यक कच्चा पदार्थ, मेशिन औजार र उपकरण आदि स्वीकृत पाठ्यक्रमको मापदण्ड (norms) तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ । लागत अनुमान गर्ने फाराम **अनुसूची-३** मा भएको तालीमको अनुमानित खर्च (लागत अनुमान) विवरण फाराम अनुसार हुनेछ ।

(२) सूची (Roster)मा रहेका योग्य व्यक्तिलाई प्रशिक्षकको रुपमा सेवा करारमा नियूक्त गर्दा भुक्तानी गर्ने सेवा शुल्क, तालीम सञ्चालनको लागि कर्मचारीलाई दैनिक भत्ता पाउने स्थानमा

खटाउदा पाउने दैनिक भ्रमण भत्ता, प्रशिक्षार्थीलाई यस निर्देशिका वमोजिम उपलव्ध गराउने सेवा सुविधा, आवश्यक तालीम सामग्री, हल भाडा, तालीम संग सम्वन्धित (मेशिन औजार, फर्निचर, भवन, सवारी साधन जस्ता पूँजिगत समानको खरिद वाहेक) सम्पुर्ण खर्च समावेश गरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार लागत अनुमान तयार गरी स्वीकृत भएपछि मात्र केन्द्र आफूले वा सहभागीतामा वा वाह्य परामर्शमा प्रचलित कानून बमोजिम तालीम संचालन गर्नु पर्नेछ ।

२१. **वार्षिक कार्य योजना बनाउनु पर्ने** : (१) तालीम कार्यक्रम तर्जुमा गर्दा सम्बन्धित विषयका तालीममा विगत दुई आ.व.मा भएको वास्तविक प्रतिव्यक्ति खर्च (भवन, फर्निचर जस्ता स्थीर सम्पत्ति बाहेक, तालीमसंग सम्बन्धित प्रत्यक्ष खर्च र अप्रत्यक्ष खर्च छुट्टाछुट्टै देखिने गरी) को आधारमा आगामी आ.व. मा संचालन गरिने तालीम कार्यक्रमको बजेट खर्च प्रस्ताव गर्नुपर्नेछ । यस्तो खर्च र उपलव्धी समेतलाई आधार मानी प्रगति समिक्षा र बजेट कार्यक्रम तर्जुमाको छलफलका समयमा समेत लेखाजोखा गर्नुपर्नेछ ।

(२) सीप विकास तालीमको वार्षिक कार्यक्रम तयार गर्दा आर्थिक कार्यविधि ऐन नियम तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अनुसार तालीमका विषय, लक्ष्य, लाग्ने अवधि, संचालन हुने स्थान, कच्चा पदार्थ, तालीम उपकरण एवं जनशक्ति र केन्द्रमा भएको श्रोत साधन आदि स्पष्ट देखिने गरी वार्षिक खरिद योजना बनाई कार्यक्रम साथ संलग्न राख्नु पर्नेछ । केन्द्रले मातहतका निकायबाट प्रस्तुत भएको कार्यक्रममा उपरोक्त अनुसारको कार्य योजना छ/छैन हेरी नभएको अवस्थामा पुनः माग गरी कार्य योजना सहित मन्त्रालयमा वार्षिक कार्यक्रम पठाउनु पर्नेछ । स्वीकृति पछि बजेटको परिधि भित्र रही केन्द्रहरुले वार्षिक खरिद योजनामा सामान्य परिमार्जन गर्न सक्नेछन् ।

(३) वार्षिक अख्तियारी, बजेट तथा कार्यक्रम स्वीकृत भएपछि सो अनुरुप हुने गरी केन्द्र प्रमुखले खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार वार्षिक खरिद योजनामा आवश्यक हेरफेर सहित स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ र सो को जानकारी तालुक निकायमा पठाउनु पर्नेछ ।

२२. **खाजा खर्च** : (१) यस निर्देशिका बमोजिम छनौट भै तालीममा सहभागी हुने प्रशिक्षार्थीहरुलाई तालीम सम्पन्न भए पछि उपस्थितिको आधारमा खाजा खर्च भुक्तानी दिइनेछ ।

(२) तालीममा सहभागी प्रशिक्षार्थीहरुलाई दैनिक वा मासिक रुपमा अर्थ मन्त्रालयले तोकेको मापदण्डमा नवढ्ने गरी र स्वीकृत बजेटको परिधि भित्र रही लागत अनुमानमा समावेश गरि खाजा खर्च उपलव्ध गराइनेछ तर खाजाको व्यवस्था तालीम केन्द्रबाटै भएकोमा खाजा खर्च दिइने छैन ।

२३. **आवासीय तालीम खर्च** : (१) महिला आवासीय तालीममा सहभागी हुने प्रशिक्षार्थीलाई खाना, खाजा उपलब्ध गराउंदा जिल्लास्थित राशनको लागत अनुमान स्वीकृत गर्ने समितिले सो आ.व.को लागि तोकेको प्रतिव्यक्ति दररेटमा नवढाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रकृया अनुसार उपलब्ध गराउनु पर्ने छ । साथै सरसफाई खर्च वापत प्रतिव्यक्ति मासिक रु. ५०।- र तालीम अवधिभरका लागि भान्से समेतको व्यवस्था गरिनेछ ।

(२) महिला आवासीय तालीममा सहभागी भै सफलतापूर्वक तालीम लिएका प्रशिक्षार्थीहरुलाई बजेटको परिधी र स्वीकृत कार्यक्रम अनुसार प्राथमिकताका आधारमा तालीम लिएको विषयसंग सम्बन्धित मेशिन उपकरण (प्रविधि) समेत हस्तान्तरण गरिनेछ । सोको लगत जिन्सी खाताबाट हटाई तालुक निकायमा समेत जानकारी दिनुपर्नेछ साथै सो को अनुगमन समेत गरिनेछ ।

(३) आन्तरिक मूल्यांकनमा उत्कृष्ट हुने तीन जना प्रशिक्षार्थीहरुलाई क्रमशः तीन, दुई र एक हजार नगद पुरस्कारको समेत व्यवस्था गरिनेछ ।

(४) तालीममा सहभागीहरुको प्राथमिक उपचारको लागि तत्काल आवश्यक पर्ने औषधी खरिद गरी जिन्सी अभिलेख राखी प्राथमिक उपचार सेवा उपलब्ध गराउनु पर्नेछ ।

(५) केन्द्रबाट प्रशिक्षार्थीहरुलाई उपलब्ध गराइएको कच्चा सामग्रीबाट प्रशिक्षार्थीले उत्पादन गरेको एक सेट पोशाक निःशुल्क रुपमा प्रशिक्षार्थीहरुलाई उपलब्ध गराई प्रशिक्षण स्थलमा मैत्रीपूर्ण वातावरण सृजना गरिनेछ ।

(६) प्रशिक्षार्थीहरुलाई केन्द्रबाट उपलब्ध गराईएको तालीम र प्रविधिको अनुगमन गर्दा प्रशिक्षार्थीहरु स्वरोजगारी वा रोजगारीमा संलग्न नभएको पाइएमा प्रशिक्षार्थी माथि भएको खर्च निजहरुबाट असूल हुने कुराको प्रतिवद्धता प्रशिक्षार्थीहरुबाट दरखास्त लिंदाकै वखत केन्द्रले लिनुपर्नेछ ।

२४. **पारिश्रमिक खर्च** : उद्यमशीलता, अभिमुखिकरण तथा प्रशिक्षक प्रशिक्षण जस्ता सैद्धान्तिक र व्याख्यान विधिबाट प्रशिक्षण दिइने तालीममा सूची (Roster)बाट विज्ञ वा प्रशिक्षक ल्याउनु पर्ने अवस्थामा अर्थ मन्त्रालयवाट तोकेको मापदण्ड भन्दा वढी नहुने गरी पारिश्रमिक दिइनेछ ।

२५. **बैठक भत्ता सम्बन्धी व्यवस्था** : (१) यस निर्देशिकामा व्यवस्था गरिएका समितिहरुको बैठक कार्यालय समय अघि वा पछि वा सार्वजनिक विदाको दिनमा बसी कार्य गरेको अवस्थामा बैठकबाट भएका निर्णयको प्रतिलिपी समेत राखी अर्थ मन्त्रालयबाट तोकेको मापदण्ड र स्वीकृत बजेटको परिधि भित्र रही बैठक भत्ता भुक्तानी गर्न सकिनेछ ।

(२) यसरी भत्ता भुक्तानी गर्दा बैठकमा वाह्य निकायको प्रतिनिधित्व र सहभागीता अनिवार्य भएको हुनुपर्नेछ ।

२६. **दैनिक भ्रमण भत्ता** : तालीम सञ्चालनको लागि तालीम केन्द्रका कर्मचारीलाई दैनिक भ्रमण खर्च पाउने स्थानमा खटाउंदा दैनिक भ्रमण भत्ता नियमहरु बमोजिम दैनिक भ्रमण भत्ता भुक्तानी गर्नुपर्नेछ । तर सेवा करारमा नियुक्ति गरी काम गराउँदा सम्वन्धित शीर्षकबाट निर्धारित दर बमोजिमको पारिश्रमिक मात्र भुक्तानी दिइनेछ ।

२७. **खरिद प्रकृया** : (१) तालीम सञ्चालनको लागि कच्चापदार्थ, तालीम सामाग्री, मेशिनरी खरिद गर्नु पर्दा सम्वन्धित पाठ्यक्रमा उल्लेखित मापदण्ड (norms) समेतलाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्धारित प्रकृया पुरा गरी खरिद गर्नु पर्नेछ ।

(२) आवश्यक परिमाण भन्दा बढी मेशिन, औजार, कच्चा पदार्थ वा तालीम सामाग्री खरिद गरि मौज्दात राखिने छैन ।

(३) तालीममा प्रयोग हुने कच्चापदार्थ वा अन्य सामाग्रीहरु संभव र उपयुक्त भएसम्म स्वदेशी र स्थानीय नै खरिद गर्नु पर्नेछ ।

२८. **तालीमबाट उत्पादित सामानको आम्दानी खर्चको अभिलेख** : तालीममा उपलब्ध गराउन खरिद गरिएका सामाग्रीहरु, तिनको वितरण र ति सामाग्रीबाट उत्पादित मालसामानको लगत लिई छुट्टै जिन्सी खाता राखी आम्दानी, विक्री परिमाण, विक्रि रकम र सो रकम राजश्व दाखिला गरेको विवरण समेत देखिने गरी दुरुस्त अभिलेख राख्नु पर्नेछ ।

२९. **तालीम हल भाडा खर्च** : (१) तालीम सञ्चालनको लागि आवश्यक पर्ने तालीम कक्ष, भवन संभव भए सम्म स्थानीय निकाय वा स्थानीय सहभागीताबाट जुटाउनु पर्नेछ ।

(२) सहभागीतामा उपलब्ध नहुने अवस्थामा नियमनुसार संझौता गरी भाडामा लिई तालीम सञ्चालन गरिनेछ ।

(३) छोटो र मध्यम अवधिको तालीम प्रयोजनमा कोठा घर भाडामा लिदा घरभाडा दररेट निर्धारण समिति (रेन्ट कमिटी) को निर्णय आवश्यक पर्ने छैन तर स्थानीय चलनचल्तीको दरभन्दा वढी नहुने गरी भाडा निर्धारण गरी सम्झौता गर्नुपर्नेछ ।

३०. **रकमान्तर** : स्वीकृत कार्यक्रम अनुसार तालीम सञ्चालन गर्दा सम्वन्धित शीर्षकमा बजेट नपुग हुने भएमा र रकमान्तर गर्नको लागि अर्को शीर्षकमा बजेट वचत हुने देखिएमा नियमानुसार बजेट रकमान्तर लागि पुष्ट्याइ सहित मन्त्रालयमा लेखी पठाउनु पर्नेछ । मन्त्रालयवाट स्विकृत भए अनुसार गर्नुपर्नेछ ।

३१. **प्रगति** : स्वीकृत कार्यक्रम अनुसार तालीम सञ्चालन गर्दा भौतिक प्रगति र वित्तीय प्रगति विच तालमेल मिल्ने गरी गर्नु पर्नेछ ।

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

## परिच्छेद - १०

## सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन

३२. **सीपमूलक तालिम अनुगमन** : (१) सीपमूलक तालीम प्राप्त गर्ने प्रशिक्षार्थीहरुलाई तालीम पश्चात सीप अनुरुपको स्वरोजगारी वा रोजगारी प्राप्त गर्न उत्प्रेरित गर्नु पर्ने केन्द्रहरुको दायित्व हुनेछ ।

(२) भैंसेपाटी केन्द्र तथा जिल्ला स्थित व्यावसायीक तथा सीप विकास तालीम केन्दहरुवाट आफुले तालीम दिएका प्रशिक्षार्थीहरुको नियमित अनुगमन गरी आयमूलक कार्यमा लाग्न निरन्तर सहयोग तथा परामर्श उपलब्ध गराइरहनु पर्नेछ ।

(३) प्रशिक्षार्थी अनुगमनको लागि **अनुसुची-११** मा उल्लेखित ढाँचाको फाराम प्रयोग गरिने छ ।

३३. **प्रशिक्षार्थी अनुगमन** : (१) प्रशिक्षार्थी अनुगमन गर्दा निम्न बुँदाहरुमा विशेष ध्यान दिनुपर्नेछ :

(क) तालीम प्राप्त प्रशिक्षार्थीहरुलाई सीप अनुरुपको व्यवसाय गर्न आवश्यक परामर्श तथा प्राविधिक सेवा उपलब्ध गराउने ।

(ख) सीपमूलक तालीम प्राप्त प्रशिक्षार्थीहरुलाई सीप अनुरुपको स्वरोजगारी अपनाउन तथा थप आय आर्जन बढाउन उद्यमशीलता विकास तालीम प्राप्त गर्न सघाउने ।

(ग) सीप अनुरुपको व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने बीउ पूंजीको लागि नेपाल सरकारको वार्षिक नीति अनुसार ऋण उपलव्ध गराउने निकायमा कर्जा प्राप्त गर्न सहजीकरण र परामर्श दिने ।

(घ) प्रशिक्षार्थीले सीप अनुरुपको व्यवसाय सञ्चालन गर्न वा थप आय आर्जन गर्न परेको समस्याको पहिचान गरी उपयुक्त परामर्श सेवा उपलब्ध गराउने ।

(ङ) तालीम प्राप्त गरी सीप अनुरुपको स्वरोजगारी/रोजगारी प्राप्त गर्ने उत्कृष्ट प्रशिक्षार्थीको सूची तयार गरी सो को जानकारी भैंसेपाटी केन्द्रमा समेत उपलब्ध गराउने । उत्कृष्ट प्रशिक्षार्थीको बिवरण फाराम **अनुसूची-१२** बमोजिमको हुनेछ । रोजगारी र स्वरोजगार भई उत्कृष्ट हुने प्रशिक्षार्थीलाई पुरस्कृत गर्ने व्यवस्था समेत केन्द्रबाट मिलाइनेछ ।

(च) प्रशिक्षार्थी अनुगमन गर्दा प्रशिक्षार्थीसँग सामान्य भेटघाट तथा उद्यमको सामान्य अवलोकन मात्र नगरी उद्यम/व्यवसायको प्राविधिक तथा व्यवस्थापकीय पक्षको समेत अनुगमन चेक लिष्ट फाराम तयार गरी सुक्ष्म अवलोकन गर्ने ।

(छ) कर्जा लिएको प्रशिक्षार्थी भए सम्वन्धित बित्तीय संस्था सँग समन्वय गरी संयुक्त अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(ज) कर्जा प्राप्त गर्ने व्यक्तिहरुबाट कर्जाको सदुपयोग भए नभएको हेर्न र कर्जा असुलीको लागि सम्वन्धित बित्तीय संस्था संग समन्वय गरी परामर्श दिन सकिनेछ ।

(झ) जिल्ला स्थित उद्यम/व्यवसाय संवन्धि सेवा प्रदायकहरुको सहयोग उपलब्ध गराइदिन केन्द्रहरुले सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

(ञ) प्रशिक्षार्थी अनुगमन गर्दा सीप अनुरुपको व्यवसाय गरेको पाइए निजको उद्यम/व्यवसाय प्रवर्द्धनको लागि थप सीप वा उद्यमशीलता तालीम आवश्यक पर्ने देखिएमा त्यसको लागि आवश्यक व्यवस्था मिलाउने ।

(ट) उद्योग व्यवसायबाट उत्पादित सामग्री प्रदर्शनीमा प्रशिक्षार्थीलाई सहभागीताका लागि उत्प्रेरित गर्ने ।

३४. **बजार व्यवस्थापनमा सहयोग** : (१) सीप अनुरुपको उद्यम/व्यवसाय गरिरहेका प्रशिक्षार्थीहरुलाई बस्तु/सेवाको वजार विस्तार तथा दिगो बजारीकरणको लागि सूचना उपलब्ध गराइदिनु पर्नेछ ।

(२) प्रशिक्षार्थीबाट उत्पादित बस्तुको प्रवर्द्धनको लागि आयोजना गरिने मेला प्रदर्शनी सहभागी हुन सघाउने ।

(३) उत्पादित बस्तु वा सेवा प्रवर्द्धनको लागि सम्वन्धित सरकारी तथा गैरसरकारी संघ/संस्था सँग आवश्यक समन्वय गरी सहयोग उपलब्ध गराउने ।

(४) बजार/उद्योगको अवलोकन भ्रमणमा आवश्यक सहयोग उपलब्ध गराउने ।

(५) उद्योग दर्ता, बौद्धिक सम्पति संरक्षण सम्बन्धमा आवश्यक कानूनी प्रकृयाको सम्वन्धमा परामर्श दिने ।

३५. **प्रभाव मूल्यांकनको व्यवस्था** : (१) केन्द्रहरुवाट संचालित तालीम कार्यक्रमवाट सीप सिकेका व्यक्तिहरुको व्यक्तिगत वस्तुस्थिती समेत झल्कने गरी प्रभाव मूल्यांकन गरी मन्त्रालयले वार्षिक रुपमा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) यस्तो मूल्यांकन प्रतिवेदनमा केन्द्रहरुको भौतिक स्थिती, उपलव्ध जनशक्ति, जनशक्तिको कार्यक्षमता र दक्षता, श्रोत साधनको परिचालन र तालीमबाट प्राप्त भएको उपलव्धी तथा त्यसले वेरोजगारी र गरिवी घटाउन पुऱ्याएको योगदान समेत समेटिनु पर्नेछ ।

(३) मूल्याकंन प्रतिवेदनको आधारमा तालीम कार्यक्रमलाई समयानुकूल परिमार्जन गर्न मन्त्रालयले केन्द्रहरुलाई निर्देशन दिनुपर्नेछ ।

# परिच्छेद - ११

## विविध

३६. **तालीम प्रवर्द्धन समिति सम्बन्धी व्यवस्था** : (१) केन्द्रहरुबाट संचालन हुने व्यावसायिक तथा सीप विकास तालीम प्रवर्द्धन गर्न र तालीम संचालन गर्ने निकायहरु बीच समन्वय कायम गर्न व्यावसायिक तथा सीप विकास तालीम प्रवर्द्धन समिति गठन गरिनेछ ।

(२) भैंसेपाटी केन्द्रमा देहायअनुसारका व्यावसायिक तथा सीप विकास तालीम प्रवर्द्धन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| संयोजक | - कार्यकारी निर्देशक, व्या.तथा सी.वि.ता. केन्द्र |
| सदस्य | - प्रतिनिधि, श्रम तथा यातायात व्यवस्था मन्त्रालय |
| सदस्य | - प्रतिनिधि, श्रम विभाग |
| सदस्य | - प्रतिनिधि, वैदेशिक रोजगार विभाग |
| सदस्य | - प्रतिनिधि, घरेलु तथा साना उद्योग विकास समिति |
| सदस्य | - प्रतिनिधि, स्थानीय विकास मन्त्रालय |
| सदस्य | - प्रतिनिधि, वैदेशिक रोजगार संघ/महासंघ |
| सदस्य | - आवश्यकता अनुसार अन्य निकायका प्रतिनिधि(तालीम दिने निकायका) |
| सदस्य सचिव | - तालीम कार्यक्रम हेर्ने अधिकृत |

(क) प्रवर्द्धन समितिको बैठकमा आवश्यकता अनुसार सम्वन्धित बिषय विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

(ख) प्रवर्द्धन समितिको बैठक एक वर्षमा कम्तिमा दुई पटक र आवश्यकतानुसार थप पटक बस्नेछ ।

(ग) प्रवर्द्धन समितिले आफनो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(३) भैंसेपाटी केन्द्रको व्यवसायिक तथा सीप विकास तालीम प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) गरिबी निवारणको लागि सहायक सिद्ध हुने गरी रोजगारीका अवसरहरु सृजना गर्न आवश्यक नीतिहरुको मन्त्रालयमा सिफारीस गर्ने ।

(ख) रोजगारीका अवसरहरुमा गरिवहरुको पहूंच बढाउन आवश्यक कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन गर्ने ।

(ग) तालीम कार्यक्रमको प्रभावकारिता अभिवृद्धि तथा एकरुपता कायम गर्न आवश्यक समन्वय गर्ने ।

(घ) वैदेशिक रोजगारीको लागि आवश्यक र उपयूक्त देखिएका तालीमका विषयहरु र लक्षित समूहको सिफारिस गर्ने ।

(ङ) सीपमूलक तथा उद्यमशीलता विकास तालीम संवन्धी नीति तयार गर्न मन्त्रालयमा सिफारिस गर्ने ।

(च) सीपमूलक तथा उद्यमशीलता विकास तालीम कार्यकमको अनुगमन तथा सुपरीवेक्षण गर्ने गराउने ।

(४) जिल्ला स्थित केन्द्रहरुमा देहायअनुसारका व्यावसायिक तथा सीप विकास तालीम प्रवर्द्धन समिति गठन गरिनेछ :

| | |
|---|---|
| जि.वि.स. सभापति वा जि.बि.स. ले तोकेको जि.बि.स. सदस्य | संयोजक |
| अध्यक्ष, घरेलु तथा साना उद्योग संघ वा उद्योग बाणिज्य संघ | सदस्य |
| अध्यक्ष, गैर सरकारी संघ वा समन्वय समिति | सदस्य |
| प्रतिनिधि, कर्जा प्रबाह गर्ने बित्तीय संस्था | सदस्य |
| प्रमुख, व्यावसायिक तथा सीप विकास तालीम केन्द्र | सदस्य सचिब |

द्रष्टव्यः जिल्ला स्तरमा समान प्रकारका तालीम सञ्चालन गर्ने निकायका प्रमुख वा प्रतिनिधिलाई संयोजकले आमन्त्रण गर्न सक्नेछ ।

(५) जिल्लास्तरीय व्यावसायिक तथा सीप विकास तालीम प्रवर्द्धन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आयमूलक/सीपमूलक/उद्यमशीलता विकास तालीम कार्यक्रम सञ्चालन गर्ने निकायहरु बीच समन्वय गर्ने ।

(ख) तालीम कार्यक्रमको एकरुपता कायम गर्न तथा तालीम प्रभावकारिता अभिवृद्धिको लागि आवश्यक परामर्श दिने ।

(ग) तालीम पश्चात रोजगारी/स्वरोजगारी अपनाउन आवश्यक सहयोगात्मक कार्यहरु गर्ने ।

(घ) यस समितिको बैठक एक बर्षमा कम्तिमा दुई पटक बस्नेछ ।

३७. **सहभागीतामूलक तालीम कार्यक्रम सञ्चालन गर्दा विचार गर्नु पर्ने कुराहरु** : (१) स्वीकृत कार्यक्रममा सहभागीतामूलक तालीम सम्वन्धी नीति, स्वीकृत कार्यक्रम तथा वजेट र अख्तियारी हेर्ने ।

(२) सहभागीतामूलक तालीमको लागि माग भएको विषय, संख्या, स्थान लक्षित समूह विद्यमान नीति, स्वीकृत कार्यक्रम , वजेट अख्तियारी अनुरुप छ छैन ? हेर्ने ।

(३) माग भएको विषयको उपयुक्तता सम्वन्धमा कुनै संभाव्यता अध्ययन, सर्भेक्षण आदि कुनै आधार छ/छैन ? हेर्ने ।

(४) सहभागीतामूलक तालीम कार्यक्रमको लागि संवद्ध निकायहरुबाट माग भै संभाव्य देखिएमा सम्वन्धित पक्षहरुबाट खर्च व्यहोर्ने एवं तालीम पश्चात प्रशिक्षार्थी अनुगमन गर्ने तथा रोजगारीको लागि सघाउ पुर्‍याउने प्रतिबद्धता तथा सोको कार्य योजना छ/छैन ? हेर्ने ।

(५) सहभागीतामूलक तालीमको लागि केन्द्रहरुले सार्वजनिक सूचना गर्नुपर्नेछ । सो सूचना अनुसार तालीम माग गर्ने निकायले निम्न कुरा स्पष्ट गरी प्रस्ताव पेश गर्नुपर्नेछ :

(क) तालीम दिने संस्थाको नाम र ठेगाना र संस्थाको मुख्य उद्देश्यहरु

(ख) तालीम विषय छनौटको आधार

(ग) तालीमको उद्देश्य

(घ) लक्षित वर्ग

(ङ) सहभागी संख्या

(च) प्रशिक्षार्थी छनौट प्रकृया

(छ) तालीम सञ्चालन हुने स्थान

(ज) तालीम अवधि

(झ) तालीम सञ्चालनमा सघाउ पुर्‍याउने अन्य निकायहरु, त्यसको बिद्यमान नियमहरु ।

(ञ) अद्यावधिक नवीकरण भएको संस्था दर्ता प्रमाणपत्र, विधान, लेखा परीक्षण प्रतिवेदन, नियमावली/विनियमावली

(ट) व्यहोर्ने खर्चको विवरण र श्रोत

(ठ) तालीम सञ्चालन तथा समन्वय व्यवस्था

(ड) तालीम पश्चात प्रशिक्षार्थीलाई आयमूलक कृयाकलापमा लाग्न गरिने कार्यहरु

(ढ) प्रशिक्षार्थी अनुगमन प्रकृया

(ण) तालीम सम्वन्धी अनुभव ।

(त) तालीम पश्चात सीप परीक्षणको व्यवस्था

(६) केन्द्रवाट निर्धारित पाठ्यक्रम अनुसार तालीम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(७) तालीम सञ्चालन हुने स्थान, तालीम हलको व्यवस्था, तालीमको व्यवस्थापन, तालीम माग गर्ने निकायले नै गर्नु पर्नेछ ।

(८) तालीम सम्बन्धी देहाय अनुसारको खर्च क कसले के कति व्यहोर्ने हो ? स्पष्ट खुलाई शर्त किटान गरी संझौता गर्नुपर्नेछ :

(क) मेशिन औजार व्यवस्था

(ख) कच्चा पदार्थ तथा तालीम सामाग्रीको व्यवस्था

(ग) प्रशिक्षकहरुको पारिश्रमिक

(घ) प्रशिक्षार्थीहरुलाई उपलब्ध गराइने अन्य सुविधाहरु

(ङ) तालीम माग गर्ने संस्थाले प्रशिक्षार्थीबाट कुनै प्रकारको प्रतिवद्धता शुल्क (Commitment Charge) लिने भएमा तालीम प्रयोजनमा सो को के कसरी सदुपयोग हुने हो ? सो सम्बन्धी बिवरण ।

३८. **<u>पुनः सहभागीतामूलक तालीम प्रदान गर्ने व्यवस्था</u>** : विगत वर्षहरुमा सहभागीतामूलक तालीम सञ्चालन गर्ने संस्थाले पुनः तालीमको माग गरेमा विगतमा सञ्चालित तालीम पश्चात रोजगारीको स्थिति, प्रशिक्षार्थी अनुगमनको प्रतिवेदन पेश गर्नुपर्नेछ । सो प्रतिवेदन सन्तोषजनक देखिएमा मात्र उक्त संस्थालाई पुनः तालीम कार्यक्रम प्रदान गर्न सकिनेछ ।

३९. **<u>सहभागीतामूलक तालीमबाट उत्पादित सामान सम्बन्धी व्यवस्था</u>** : तालीमको लागि आवश्यक पर्ने कच्चापदार्थ तालीम माग गर्ने संस्थाद्वारा बेहोरिएमा तालीमको क्रममा उत्पदित सामानहरु सो निकायले तोकेअनुसार हुनेछ तर केन्द्रले कच्चामालको खर्च व्यहोर्ने भएमा परिच्छेद-७ अनुसार मूल्यांकन गरी आम्दानी बाँधी बिक्री गरी विक्रीबाट प्राप्त रकम नेपाल सरकारको सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्नेछ।

४०. **<u>सहभागीतामूलक तालीम प्रतिवेदन सम्बन्धी व्यवस्था</u>** : तालीम सम्पन्न भएपछि सो को प्रतिवेदन **अनुसूची-७** बमोजिम तालीम सञ्चालन गर्ने निकायले पेश गर्नु पर्नेछ।

४१. **<u>सहभागीतामूलक तालीमको प्रमाणपत्र सम्बन्धी व्यवस्था</u>** : तालीम सम्पन्न भएपछि प्रशिक्षार्थीलाई दिइने प्रमाणपत्र भैंसेपाटी केन्द्रबाट स्वीकृत ढाँचा (अनुसूची-८) अनुरुप हुनेछ।

४२. **<u>सहभागीतामूलक तालीम सम्बन्धी अन्य व्यवस्था</u>** : (१) जिल्लामा कुनै खास विषयमा तालीमको आवश्यकता देखिएमा केन्द्रहरुको स्वीकृत कार्यक्रम तथा बजेटले नभ्याउने भएमा वा उक्त तालीमको दक्ष प्रशिक्षक, प्रविधि जिल्लामा उपलब्ध हुन नसक्ने भएमा माथी उल्लेखित व्यहोरा खुलाई सम्वन्धित संस्थाबाट प्रस्ताव लिई सो प्रस्ताव मनासिव देखिएमा सहभागीतामूलक तालीम सञ्चालनको लागि सिफारिस सहित भैंसेपाटी केन्द्रमा तालीम माग गर्नु पर्नेछ।

(२) यस प्रकारको सहभागीतामूलक तालीममा तालीमको प्रशिक्षक, कच्चा मालसामान पछि फिर्ता प्राप्त हुने गरी स्वीकृत बजेटको परिधि भित्र रही भैंसेपाटी केन्द्रले र मेसीन औजार उपकरण तथा अन्य कच्चामाल सहितका खर्चहरु तालीम माग गर्ने निकायले व्यहोर्नु पर्नेछ।

४३. **<u>प्रशिक्षार्थी छनौट</u>** :(१) सहभागीतामूलक सीपमूलक तालीममा प्रशिक्षार्थी छनौट गर्दा केन्द्रवाट निर्धारित लक्षित समूहलाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ।

(२) केन्द्रबाट निर्धारित आवेदन फाराम भराई केन्दको प्रतिनिधि राखी संझौतामा राखिएका शर्तको अधिनमा रही प्रशिक्षार्थी छनौट गरिनेछ।

४४. **<u>प्रशिक्षार्थी स्थापन तथा अनुगमन</u>** : (१) तालीम सम्पन्न भएपछि सम्वन्धित संस्थाले निर्धारित ढाँचामा प्रशिक्षार्थी अनुगमन गरी पटके र वार्षिक रुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) प्रशिक्षार्थी अनुगमन गर्दा यसै निर्देशिकाको **अनुसूची-११** बमोजिमको अनुगमन फाराम प्रयोग गर्नुपर्नेछ।

(३) सहभागीतामूलक तालीम सञ्चालन हुने स्थान, तालीम हलको व्यवस्था, तालीम हलको सुरक्षा तथा सरसफाइ सम्वन्धी व्यबस्था सम्वन्धित संस्थाले मिलाउनु पर्नेछ।

(४) केन्द्रसंग गरिने सहभागीतामूलक तालीममा केन्द्रबाट व्यहोरिने खर्च सम्वन्धित जिल्लास्थित केन्द्र मार्फत पठाइनेछ।

(५) सहभागीतामूलक तालीमको अनुगमन सम्वन्धित जिल्ला स्थित केन्द्रबाट गर्नुपर्नेछ । तालीम सम्पन्न भएपछि सोको प्रतिवेदन र अनुगमन प्रतिवेदन तयार गरी एक प्रति भैंसेपाटी केन्द्रमा पेश गर्नुपर्नेछ ।

४५. **वैदेशिक रोजगार र यूवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालीमको लागि विशेष व्यवस्था** : (१) भैंसेपाटी केन्द्र तथा जिल्लास्थित केन्द्रहरुले नाफामूलक निजी क्षेत्रसंग प्रतिस्पर्धात्मक रुपमा श्रोत परिचालन गरी संचालन गर्ने विशेष सीप विकास तालीम संचालन सम्बन्धी कार्यविधि आर्थिक कार्यविधि ऐन, नियम, सार्वजनिक खरिद ऐन र नियमावली र प्रचलित कानून बमोजिम हुनेछ ।

(२) वैदेशिक रोजगार एवं विशेष सीप तालीम सम्बन्धी अन्य व्यवस्था निम्नानुसार हुनेछ :

(क) वैदेशिक रोजगार एवं विशेष सीप विकास सम्बन्धी तालीमका ट्रेडहरु भैंसेपाटी केन्द्रले तोकेबमोजिम हुनेछ । यसरी ट्रेडहरु तोक्दा वार्षिक रुपमा वैदेशिक रोजगार व्यवसायी संघ, वैदेशिक रोजगार विभागसंग सुझाव र परामर्श लिनुपर्नेछ । तालीम आवश्यकता पहिचान गरी सोही अनुसार विषयको पहिचान र छनौट गर्नुपर्नेछ ।

(ख) यस्ता तालीमहरु अल्पकालिन, मध्यमकालिन र लामो अवधिका र निःशुल्क हुनेछन् ।

(ग) तालीम संचालन गर्ने संस्था छनौट गर्दा संस्थागत अनुभव, योग्यता र क्षमता (वित्तीय, भौतिक, प्राविधिक) लाई पनि आधार मान्नु पर्नेछ ।

(घ) भैंसेपाटी केन्द्र/केन्द्रले उल्लेखित तालीमका विविध पक्षमा नियमित अनुगमन गरी प्रतिवेदनको व्यवस्था गर्नेछ ।

(ङ) तालीम संचालन गर्ने संस्था छनौट (सेवा खरिद) सम्बन्धी कार्य सार्वजनिक खरिद ऐन र नियममा उल्लेखित व्यवस्था बमोजिम गर्नुपर्नेछ ।

(च) तालीम संचालन सम्बन्धी अन्य कुरा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

४६. **कागजात धुल्याउने व्यवस्था** : (१) सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ मा उल्लेख भएको हकमा बाहेक भैंसेपाटी केन्द्र अन्तर्गत विभिन्न शाखामा रहने सरकारी कागजातहरु धुल्याउने अवधि निम्नानुसार हुनेछ :

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

| क.सं. | कागजातको किसिम | १वर्षमा धुल्याउने | २ वर्षमा धुल्याउने | ३ वर्षमा धुल्याउने | ५ वर्षमा धुल्याउने | कहिल्यै नधुल्याउने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशिक्षार्थीका आवेदन फारमहरु | √ | | | | | |
| २ | प्रशिक्षार्थी छनोटसम्वन्धी कागजातहरु | √ | | | | | |
| ३ | संघसंस्थाले पेश गरेका प्रस्ताव फारमहरु | | √ | | | | |
| ४ | संघसंस्था छनोट सम्वन्धी कागजातहरु | | | | √ | | |
| ५ | सघसंस्थाले पेश गरेका प्रतिवेदनहरु | | √ | | | | |
| ६ | निरीक्षण प्रतिवेदनहरु | | | | √ | | अन्तिम लेखा परीक्षण भएको मितिले |
| ७ | प्रगति प्रतिवेदनहरु | | | | √ | | |
| ८ | प्रशिक्षक सेवा करारमा भर्नासम्वन्धी कागजातहरु | | | | √ | | करार समाप्त भएको मितिले |
| ९ | प्रमाण-पत्र वितरण अभिलेख | | | | | √ | |

(२) कागज धुल्याउने प्रक्रिया : (क) सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ बमोजिम हुनेछ । सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ मा उल्लेख भएदेखि बाहेकको हकमा कागजको प्रभाव र प्रकृति हेरी कार्यकारी निर्देशकको निर्णयानुसार सरकारी कागजातहरु धुल्याइनेछ ।

(३) उपदफा (१) र (२) मा तोकिए अनुरुप कागजात धुल्याउन सम्बन्धित शाखा प्रमुखले धुल्याउनु पर्ने कागजातको अभिलेख विवरण तयार गर्न लगाई कार्यकारी निर्देशक समक्ष पेश गर्नुपर्नेछ ।

४७. <u>आचार संहिता बनाई लागू गर्ने</u> : तालीम संचालनलाई व्यवस्थित गर्न आवश्यक पर्ने आचारसंहिता भैंसेपाटी केन्द्रले निर्देशिका जारी भएको ६ महिना भित्र तयार गरी लागू गर्नुपर्नेछ ।

४८. <u>सामान्य मार्गदर्शन :</u> (१) केन्द्रवाट संचालन हुने तालीम कार्यक्रम देहायका मार्गदर्शनको आधारमा प्रस्तावित र संचालित हुनेछन् :

(क) चालु आवधिक योजनाको उद्देश्य, नीति, रणनीति, लक्ष्य एवं अपेक्षित लाभ तथा सरकारको वार्षिक कार्यक्रम र नीति अनुरुप तालीम कार्यक्रम प्रस्ताव गरी संचालन गरीने छ ।

(ख) गरिवीको रेखामुनि रहेका, आर्थिक, सामाजिक रुपमा पछि परेका विपन्न वर्ग, आदिवासी जनजाती, दलित, मधेशी, मुस्लिम, द्वन्द पिडित, महिला, पिछडिएको क्षेत्र तथा ग्रामीणवासिन्दालाई प्राथमिकता दिई सीप सिक्न इच्छुक तर कुनै सीप र आवश्यक स्रोत साधन समेत नभएका वेरोजगारलाई स्वरोजगार तर्फ उत्प्रेरित गर्न, स्वदेशी र वैदेशिक श्रम वजारको माग अनुसार रोजगारीको लागि सीपयूक्त वनाउने तर्फ तालीम कार्यक्रम निर्देशित हुनेछन् ।

(ग) सरकारी निकाय, गैर सरकारी संघ संस्था, नीजि क्षेत्र र अन्य निकायवाट सहज र न्यून लागतमा संचालन भैरहेका तालीम र स्वरोजगार र रोजगारको लागि सम्भाव्य नभएका तालीम संचालन गरिने छैन ।

(घ) स्वीकृत वार्षिक कार्यक्रम र वजेटको परिधि भित्र रहि कार्यक्रम प्रस्ताव र संचालन हुनेछन् ।

(ङ) केन्द्रबाट प्रदान गरिने तालीम संख्यात्मक भन्दा रोजगार, स्वरोजगार र वैदेशिक रोजगारीका लागि सीपयुक्त जनशक्ति तयार गर्न गुणात्मक पक्ष तर्फ लक्षित हुनेछ ।

४९. **निर्देशिकाको व्याख्या तथा थप व्यवस्था** : (१) यो निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा पर्न गएमा सो विषयमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

(२) यो निर्देशिकामा उल्लेख नभएका विषयमा मन्त्रालयको निर्णय र निर्देशन बमोजिम हुनेछ ।

५०. **आवश्यक संशोधन र थपघट गर्न सकिने** : (१) यो निर्देशिकामा रहेका प्रावधानहरुमा आवश्यक थपघट वा संशोधन गर्नुपरेमा मन्त्रालयबाट संशोधन गर्नुपर्नेछ ।

(२) तालीम कार्यक्रम संचालनका लागि आवश्यक पर्ने अन्य कार्य प्रकृया प्रचलित कानून र यस निर्देशिकाको अधिनमा रहि केन्द्रले बनाई तालुक निकायबाट स्वीकृति लिई लागू गर्न सकिनेछ ।

५१. **खारेजी र बचाउ** : (१)व्यावासयिक तथा सीप विकास तालीम केन्द्रको कार्यविधि निर्देशिका, २०६३ खारेज गरिएको छ ।

(२) हालसम्म केन्द्र अन्तर्गत भएका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेका मानिनेछन् ।

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

## अनुसूची १

(दफा (४)को उपदफा (३) को खण्ड(ग)संग सम्बन्धित )

### स्थानीय श्रोत र साधनको आधारमा उपयुक्त तालीम कार्यक्रम निर्धारण सर्भेक्षण फारम

(यो प्रश्नावली सम्भाव्य तालीम हुने स्थान र त्यस वरपरको वस्तुस्थितिको अध्ययनको आधारमा तयार गर्नुपर्नेछ ।)

१. साधारण जानकारी

क) जिल्ला ............................... सम्भाव्य तालीम हुने न.पा. ⁄ गा.वि.स. ......................

ख) तालीमबाट लाभान्वित हुने गा.वि.स. ⁄ न.पा. .............................

घर परिवार संख्या ........................ जनसंख्या .......................

ग) उद्योग ⁄ व्यवसाय ⁄ रोजगारी प्रवर्द्धनमा सहयोग पुऱ्याउने सरकारी, गैर सरकारी संघ संस्थाका नाम (बैंक, महिला विकास शाखा, अन्य गैर सरकारी संस्था आदि)

१.

२.

३.

घ) तालीम आवश्यकता अध्ययनसंग सम्बन्धित अन्य निकायद्वारा संचालित कार्यक्रमहरुः

१.

२.

३.

२. स्थानीय श्रोत ⁄ साधनको उपलव्धता

क) कच्चा पदार्थ

| नाम | परिमाण | उपलव्ध स्थान | हालको प्रयोग परिमाण |
|---|---|---|---|

१.

२.

३.

ख) विद्युत शक्ति

| स्थान र दुरी | उपलव्धता |
|---|---|

१.

२.

३.

ग) स्थानीय श्रोत साधनको परिचालनमा हाल उपलब्ध सीपयुक्त जनशक्ति

| विषय | संख्या | सीप उपयोग (संख्या) |
| --- | --- | --- |
| १. | | |
| २. | | |
| ३. | | |

घ) सीप अभिवृद्धि गर्न आवश्यक

| विषय | अभिवृद्धि गर्नुपर्ने संख्या |
| --- | --- |
| १. | |
| २. | |
| ३. | |

३. बजार संभाव्यता र उपलब्धता

| संभाव्य उत्पादन | स्थानीय खपत परिमाण | वाह्य निकासी परिमाण |
| --- | --- | --- |
| क) | | |
| ख) | | |
| ग) | | |

४. स्थानीय आवश्यकता पहिचान

स्थानीय निकाय/गा.वि.स. र अन्य कार्यरत सरकारी गैर सरकारी संघ, संस्थाहरुसंग छलफल गर्दा उक्त स्थानमा उपयुक्त देखिएका तालीमका विषयवस्तुहरु :

क)

ख)

ग)

५. उपरोक्त उल्लेखित विषयवस्तु मध्ये तालीम संचालन गर्न सर्भेक्षण गर्ने अधिकारीले उपयुक्त ठहर गरेको विषयहरु (प्राथमिकताको आधारमा):-

| | |
| --- | --- |
| क) | ख) |
| ग) | घ) |
| ङ) | च) |

६. संस्थागत सहयोग

| संस्थाको नाम | सहयोगको किसिम | सहयोगको विवरण |
| --- | --- | --- |

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

## ७. सर्भे गर्ने अधिकारीको सुझाव

सर्भे गर्नेको नाम :

पद :

सही :

मिति :

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

## अनुसूची २

(दफा (४)को उपदफा (३) को खण्ड(ग)संग सम्बन्धित )

## माग भएको तालीमको सर्भेक्षण फाराम

१. सामान्य जानकारी

क) जिल्ला ...................... संभाव्य तालीम हुने न.पा./गा.वि.स. ...............

ख) तालीमबाट प्रत्यक्ष लाभान्वित हुने
गा.वि.स./न.पा. ........................
घर परिवार संख्या .....................
जनसंख्या ...............................

२. तालीम माग गर्नाको उद्देश्य

| उद्देश्य | संख्या |
|---|---|
| क) आफैं व्यवसाय संचालन गर्न | |
| ख) स्थापित उद्योग संचालन गर्न | |
| ग) रोजगारी प्राप्त गर्न | |
| घ) परम्परागत सीपको प्रवर्द्धन गर्न | |
| ङ) बचत समयको सदुपयोग गर्न | |

३. माग भएको तालीमको विषय र तालीम लिन ईच्छुक संख्या (प्राथमिकताको आधारमा)

| तालीमको विषय | तालीम लिन ईच्छुक संख्या |
|---|---|
| क) | |
| ख) | |
| ग) | |

४. माग भएको विषयमा हाल उपलब्ध जनशक्ति

क)

| माग भएको विषय | हाल सीप उपयोग गर्ने संख्या |
|---|---|
| १. | |
| २. | |
| ३. | |

ख) सीप अभिवृद्धि गर्न आवश्यक विषयहरु

| विषय | संख्या |
|---|---|
| १. | |
| २. | |

३.

५ स्थानीय आवश्यकता पहिचान

स्थानीय निकाय/गा.वि.स. र अन्य कार्यरत सरकारी गैर सरकारी संघ, संस्थाहरुसंग छलफल गर्दा उक्त स्थानमा उपयुक्त देखिएका तालीमका विषयवस्तुहरु :

क)

ख)

ग)

६. उल्लेखित विषयवस्तु मध्ये तालीम संचालन गर्न सर्भेक्षण गर्ने अधिकारीले उपयुक्त ठहर गरेको तालीमका विषयहरु (प्राथमिकताको आधारमा):-

| | |
|---|---|
| क) | ख) |
| ग) | घ) |
| ङ) | च) |

७. तालीम/व्यवसाय गर्न विभिन्न संघ, संस्था तथा निकायबाट प्राप्त हुन सक्ने सहयोगहरु

| संस्थाको नाम | प्राप्त हुने सहयोगको विवरण |
|---|---|
| क) | |
| ख) | |
| ग) | |

८. सर्भेक्षणमा संलग्न अधिकारीको सुझाव

सर्भे गर्नेको नाम :

पद :

सही :

मिति :

**अनुसूची ३**

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

(दफा (५)को उपदफा (२) को खण्ड(घ) संग सम्बन्धित )

नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

## व्यावसायिक तथा सीप विकास तालीम केन्द्र

## सहभागीतामूलक तालीम सम्वन्धी प्रस्ताव/सम्झौता

फोन नं. :- ५५९०८००, ५५९०८०१

फ्याक्स नं. :- ५५९०८९४

आर्थिक वर्ष :- .............

**................ विषयको सीपमूलक तालीम कार्यक्रम संचालन सम्बन्धी**

(प्रस्ताव पेश गर्ने संस्थाको विवरण)

मूल्य रु.२००।-

संस्थाको नाम :- ....................................................................................................

ठेगाना :- ..............................................................................................................

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

## .................... विषयक सीपमूलक तालीम संचालन सम्वन्धी

## प्रस्ताव पेश गर्ने संस्थाको विवरण

१ संस्थाको नाम :-

२ ठेगाना :-

३ फोन नं. :-

४ फ्याक्स नं. :-

५ अध्यक्षको नाम :-

६ स्थायी ठेगाना :-

७ दस्तखत :-

८ सम्पर्क व्यक्तिको नाम :-

९ तालीमको विषय :-

१० तालीम अवधि :-

११ कक्षा संचालन गर्ने समय :-

१२ प्रशिक्षार्थी संख्या :-

मिति :- संस्थाको छाप

(नोटः प्रस्तावको प्रत्येक पानामा संस्थाको आधिकारिक व्यक्तिको दस्तखत तथा संस्थाको छाप लागेको हुनुपर्नेछ ।)

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

**<u>प्रस्ताव साथ समावेश भई आउनु पर्ने विवरण</u>**

१. संस्था स्थापनाको पृष्ठभूमि, सांगठनिक विकास र विस्तारको लागि भए गरेका क्रियाकलापहरु

२. संस्थाको उद्देश्य

३ संचालन गर्न प्रस्ताव गरिएको

क. तालीमको विषयः

ख. प्रशिक्षार्थी संख्याः

ग. तालीमको समयावधिः

१. महिना/हप्ताः

२. कूल कार्य (दैनिक....... घण्टा/..........दिन./..........हप्ता)........घण्टा

घ. प्रशिक्षकहरु (विषयगत-प्रमाणपत्र, वैयक्तिक विवरण (शैक्षिक योग्यताका प्रतिलिपि संलग्न गर्नु पर्ने छ) को वैयक्तिक विवरण (नाम) :-

१.

२.

३.

४. संस्थाको आफ्नै भौतिक पूर्वाधारको विवरणः

क. भवन या भाडाको घर (खुलाउने):-

ख. कक्षा कोठा (साइज खुलाउने):-

ग.फर्निचर (टेबुल, कुर्सी) (संख्या खुलाउने):-

घ. प्रयोगात्मक कक्षा/कोठा (साइज खुलाउने):-

ङ. अन्य सान्दर्भिक विवरण (भए खुलाउने):-

५. संचालन गर्न प्रस्ताव गरिएको तालीमको उद्देश्यः

६. तालीमवाट लाभान्वित हुने क्षेत्र, वर्ग र प्राप्त हुने अपेक्षित उपलब्धिहरुः-

७. प्रस्तावित तालीमको कूल खर्च विवरण (संलग्न नमूना विवरण भरी समावेश गर्ने):-

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ ।

(दफा २० को उपदफा १ संग समेत सम्बन्धित)

## प्रस्तावित तालीमको अनुमानित खर्च (लागत अनुमान) विवरण

| सि. नं. | विवरण | दर | परिमाण | कूल खर्च रु. | कूल खर्च मध्ये | |
|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रहरुबाट व्यहोर्ने रु. | संस्थागत (संस्थाले व्यहोर्ने खर्च) सहभागीता रकम रु. |
| १. | प्रशिक्षकको पारिश्रमिक | | | | | |
| २. | प्रशिक्षण सामग्री खर्च<br>**सामग्रीहरु (विवरण** | | | | | |
| ३. | मेशिनरी औजार भए (मर्मत संभार खर्च): | | | | | |
| ४. | संस्थाको आफ्नो प्रशासनिक खर्चः<br>क) स्टेशनरी<br>ख) विजुली<br>ग) टेलिफोन, फ्याक्स<br>घ) इन्धन<br>ङ) घर/कोठा भाडा | | | | <br>×<br>×<br>×<br>×<br>× | |
| ५. | सूचना प्रकाशन एवं प्रशिक्षार्थी छनौट खर्चः<br>क)सूचना प्रकाशन खर्च (राष्ट्रिय तथा स्थानीय स्तरको पत्रिकामा प्रकाशित गर्ने भए)<br>ख)प्रशिक्षार्थी छनौट खर्च | | | | | |
| ६. | यातायात (भ्रमण एवं सम्पर्क) खर्च रु. | | | | | |
| ७. | कार्यक्रम उद्घाटन, प्रमाणपत्र निर्माण/ कार्यक्रम खर्च र प्रमाण पत्र वितरण | | | | × | |
| ८. | प्रतिवेदन निर्माण खर्च : | | | | | |
| | जम्मा: | | | | | |

८. प्रशिक्षण विषयवस्तु : (प्रशिक्षण अवधिभर कुन कुन विषयमा प्रशिक्षण दिने हो । विषयवस्तु, पाठ्यक्रम (सैद्धान्तिक, व्यावहारिक), प्रशिक्षण विधि, मूल्याङ्कन पद्दती, समयभार, माथि सि.नं. ३ को ग (१) र (२) मा उल्लेखित आधारलाई समावेश गरी तयार गरी पेश गर्ने)

९. प्रस्तुत प्रस्तावित तालीमको विषयमा यस अघि तालीम दिएको भए तालीमको विषय, संख्या र संचालन गरेको समयावधि खुलाउने ।

१०. रोजगारीको स्थितिः यस अघि संस्थावाट तालीम लिई गएका प्रशिक्षार्थीहरुले रोजगारी (वैतनिक, स्वरोजगारी वा वैदेशिक रोजगारी) प्राप्त गरेको भए सो को संख्यागत विवरण

११. प्रस्तावित तालीममा रोजगारीको योजनाः प्रस्तावित तालीम समापन पश्चात प्रशिक्षार्थीहरुलाई उपलव्ध हुने रोजगारी (वैतनिक, स्वरोजगार वा वैदेशिक) को लागि संस्थाको प्रतिवद्धता, संभाव्यता र क्षेत्र उल्लेख गर्ने ।

१२. संस्थाको व्यवस्थापकीय एवं आर्थिक क्षमता

क) व्यवस्थापकीय क्षमता (संस्थाको विधान, सांगठनिक संरचना, संस्थाका सदस्यहरुको विवरण, कर्मचारीहरु (भए) को वैयक्तिक विवरण र सांगठनिक चार्ट समावेश, उल्लेख गर्ने)

ख) गत आ.ब.को आर्थिक गतिविधिको आधिकारिक लेखा परीक्षण गरिएको प्रमाणिक कागजात समावेश गर्ने ।

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

अनुसुची ४

(दफा (६)को उपदफा (४) को खण्ड(झ)संग सम्बन्धित )

## नेपाल सरकार

## श्रम तथा यातायात व्यवस्था मन्त्रालय

## व्यावसायिक तथा सीप विकास तालीम केन्द्र

## तालीमका विषयहरु

| क्र.सं. | तालीमका क्षेत्र | विषयहरु |
|---|---|---|
| १ | निर्माण क्षेत्र | मेसन, स्काफोल्डिङ्ग, सटरिङ्ग कार्पेन्ट्री |
| २ | कृषि क्षेत्र | पशु स्वास्थ्य कार्यकर्ता, कृषि कार्यकर्ता, तरकारी खेती, नगदे वाली, कृषिजन्य पदार्थको प्रशोधन, खाद्य सामग्री उत्पादन |
| ३ | सेवा क्षेत्र | प्लम्बिङ्ग, विद्युत जडान, अटोमेकानिक्स, मोटरसाईकल मर्मत, ब्यूटी पार्लर, सेक्युरिटी गार्ड, ड्राईभिङ्ग, केयर गिभर, जनरल मेकानिक्स, वेल्डिङ्ग, पम्पसेट मेकानिक्स, इलेक्ट्रोनिक्स मर्मत, कम्प्यूटर |
| ४ | कला क्षेत्र | थाङ्का, मूर्तिकला, वेतवांस |
| ५ | पर्यटन क्षेत्र | कुक, वेटर/वेट्रेस, हाउस किपिङ्ग |
| ६ | तयारी पोशाक क्षेत्र | सिलाई कटाई, ढाका बुनाई, गार्मेन्ट्स |
| ७ | अन्य क्षेत्र | गलैंचा, राडी पाखी बुनाई |

नोटः- समयक्रम र प्रविधि अनुकूल बजार मागमा आधारित तालीमका विषयहरुलाई कार्यक्रम तर्जुमा गर्दै औचित्य सहित केन्द्रहरुको सिफारिसमा भैंसेपाटी केन्द्रले अनुसूचीमा समावेश गर्न सकिनेछ। परिच्छेद ३ र ५ का आधारमा तालीमका विषय अद्यावधिक गर्दै जानुपर्नेछ।

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

अनुसुची ५

(दफा (१२)को उपदफा (१) को खण्ड(ख)संग सम्बन्धित )

नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

| आवेदन फाराम दस्तुर रु.१५।- |
|---|

**व्यावसायिक तथा सीप विकास तालीम केन्द्र**

**तालीम आवेदन फाराम**

श्री ................................

...................................... ।

महोदय,

त्यस केन्दबाट मिति ....................... मा प्रकाशित सूचना अनुसार सञ्चालन गरिने ....................... विषयको सीपमूलक/उद्यमशीलता विकास तालीममा सरिक हुने इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, पहिचान पत्रको प्रतिलिपी र ............ उत्तिर्णको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी सहित यो निवेदन पेश गरेकी/गरेको छु।

१. निवेदनको नाम, थर :

२. निवेदकको ठेगाना :

(क) स्थायी ठेगाना :

(ख) अस्थायी ठेगाना :

(ग) संपर्क टेलिफोन नं.

(घ) इमेल :

३. उमेर : .........वर्ष ४. लिङ्ग : पुरुष / महिला

५. बैवाहिक स्थिति : विवाहित/अविवाहित/एकल

६. शैक्षिक योग्यता :

७. परिवारको किसिम र संख्या : एकल/संयुक्त, ...... जना

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

८. हालको पेशा :

९. परिवारको आय आर्जनको मुख्य श्रोत :

१०. पारीवारिक स्वामित्वमा रहेको जग्गा र ठेगाना :

११. परिवारको अन्दाजी बार्षिक आम्दानी रु

१२. यस भन्दा अघि कुनै तालीम लिनु भएको छ☐ छैन☐

यस अघि तालीम लिएको भए,

- तालीमको विषयः .........................
- तालीमको अवधि : ..........................
- तालीम लिएको मिति : : ..........................
- तालीम दिने संस्था : : ..........................
- प्राप्त तालीमको उपयोग स्थिति : : ..........................
- स्वारेजगारी : ..........................
- रोजगारी ज्याला रोजगारी : ..........................
- घरायसी प्रयोजनमा सिमित : ..........................
- सदुपयोग छैन। : ..........................

१३. तालीम विना कुनै सीप जानेको भए सो सीपको व्यावसायिक उपयोग भएको छ ? उपयोग भएको भए सो को अवस्था :

- स्वरोजगारी
- ज्याला रोजगारी
- घरायसी प्रयोजनमा उपयोग
- व्यबसायिक उपयोग छैन।

१४. यो तालीम लिन चाहनुको कारण :

तालीम पश्चात सीप अनुरुपको उद्यम/व्यवसाय गर्ने दृढ निश्चय गरेको छु।

आवेदकको सही

मिति

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

अनुसुची ६

(दफा (१२)को उपदफा (४) को खण्ड (ङ) संग सम्बन्धित )

नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

**व्यावसायिक तथा सीप विकास तालीम केन्द्र**

**प्रशिक्षार्थी छनौट मूल्यांकन फाराम**

(अन्तरवार्ता प्रयोजनको लागि)

विषय :

आवश्यक संख्या :

मिति :

| क.स | आवेदकको नामथर | ठेगाना | पारीवारिक पृष्ठभूमी र आयस्तर (१०) | व्यबसायिक व्यक्तित्व (२०) | व्यबसायिक सिप उपयोगितास्तर (२०) | प्रतिवद्धता स्तर (२०) | उद्यमशीलता लक्षण (२०) | लक्षित समूह पहिचान (१०) | कूल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अन्तरवार्ताकारको नाम :

दस्तखत :

मिति :

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

अनुसूची ७

(दफा (१४)को उपदफा (११) र दफा(४०)संग सम्बन्धित )

नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

व्यावसायिक तथा सीप विकास तालीम केन्द्र

**तालीम सम्पन्न प्रतिवेदन**

१. तालीमको बिषय :

२. तालीमको उद्देश्य :

३. तालीम सञ्चालित स्थान

४. तालीमको अवधि :

५. तालीम सञ्चालित मिति ..................देखि.................. सम्म

६. तालीम सञ्चालनमा सम्वद्ध निकायहरु :

७. प्रशिक्षकको नाम र ठेगाना :

८. तालीम प्रकृया :

९. सहभागीहरुको बिवरण :

| क. सं. | नाम र ठेगाना | उमेर | लिंग | | शैक्षिक योग्यता | हाजिरी दिन | संपर्क फान नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

१०. उपलव्धिहरु :

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

११. तालीमबाट उत्पादित सामानको विवरण र अवस्था :

१२. प्रशिक्षकबाट सहभागीहरुको मूल्यांकन :

१३. तालीम खर्च संबन्धि बिवरण :

१४. तालीमको कममा सृजित मुद्धाहरु

१५. तालीम मूल्यांकन

१६. सुधारका सुझावहरु (कार्य योजना सहित) :

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

# अनुसूची ८

(दफा (१४)को उपदफा (१२) संग सम्बन्धित )

परिशिष्ट (Annex)

क) आधारभूत तालीम प्रमाणपत्र

ख) सहभागीतामूलक तालीम प्रमाणपत्र

ग) अपग्रेडिङ्ग तालीम प्रमाणपत्र

घ) उद्यमशीलता विकास प्रमाणपत्र

ङ) वै.रो. तथा युवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालीम प्रमाणपत्र

च) महिला आवासीय तालीम प्रमाणपत्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

अनुसूची ९

(दफा (१५)को उपदफा (२) संग सम्बन्धित )

नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालीम केन्द्र

## उत्पादित समानको मूल्यांकन फाराम

तालीमको विषय :

तालीम सञ्चालन भएको स्थान :

तालीम सञ्चालन मिति :

तयारी बस्तुको परिमाण :

| सि.नं. | कच्चा पदार्थको विवरण | | | | | उत्पादित सामानको विवरण | | | | कायम मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | इकाई | परिमाण | परल मूल्य | कच्चा पदार्थको जम्मा मूल्य | नाम | इकाई | परिमाण | परल मूल्य | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

- उत्पादित सामानको परल मूल्य गणना गर्दा समावेश गर्न सकिने कुराहरु :
  - कच्चा पदार्थको मूल्य
  - ढुवानी मूल्य
  - उत्पादन गर्न लागेको श्रमको मूल्य (गणना संभव भए):
    - दिन×जना×दैनिक ज्याला
    - तयारी कपडाको प्रचलित ज्याला
  - भण्डारण गर्दा लागेको मूल्य

प्रशिक्षण केन्द्रको राय :

मूल्यांकन समितिको ठहर

मूल्यांकन समितिको

मिति : ________ सदस्य ________ सदस्य ________ संयोजक

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

अनुसुची १०

(दफा (१९)को उपदफा (१) संग सम्बन्धित )

नेपाल सरकार

## श्रम तथा यातायात व्यवस्था मन्त्रालय

## व्यावसायिक तथा सीप विकास तालीम केन्द्र ........

## करार सेवामा प्रशिक्षक नियुक्ति गर्दाको सम्झौता पत्र

यस व्यावसायिक तथा सीप विकास तालीम केन्द्र ......... द्वारा सञ्चालन हुने .............................. विषयको तालीम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षकको रुपमा कार्य गर्ने गरी दैनिक/मासिक सेवा शुल्कमा काम गर्ने गराउने सम्वन्धमा निम्नानुसार शर्तको अधिनमा रही कार्य गर्न आज मिति २०६...... साल ................ गते रोज......... मा यो सेवा करार सम्झौता गरिएको छ।

१. प्रशिक्षकको व्यक्तिगत विवरण

(क) नाम थर :

(ख) ठेगाना :

स्थायी

अस्थायी :

(ग) उमेर : बर्ष (घ) लिङ्ग : महिला/पुरुष ङ) नागरिकता :

(च) वैवाहिक स्थिति : विवाहित/अविवाहित/एकल

२. प्रशिक्षकले गर्नु पर्ने मुख्य कार्यहरु :

क)

ख)

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

ग)

३. काम गर्नु पर्ने स्थान :

४. तालीम सुरु हुने मिति र समय :

५. दैनिक/मासिक पारीश्रमिक रु.........अक्षेरुपी

६. अन्य सुविधा

७. विदाको सहुलियत :

८. प्रतिवेदन पेश गर्नु पर्ने / नपर्ने

९. अन्य शर्तहरु :

| | |
|---|---|
| उल्लेखित शर्तमा कार्य गर्न इच्छुक प्रशिक्षकको | केन्द्रको तर्फबाट |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| मिति : | मिति : |

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

## अनुसुची ११

(दफा (३२)को उपदफा (३) र दफा (४४) को उपदफा(२)संग सम्बन्धित )

## व्यावसायिक तथा सीप विकास तालीम केन्द्र

## प्रशिक्षार्थी अनुगमन फाराम

१. प्रशिक्षार्थीको नाम र ठेगाना :

२. संपर्क व्यक्ति /टेलिफोन नं.

३. तालीम सम्पन्न भएको मिति र स्थान

४. तालीमको प्रकार : नियमित /विशेष/सहभागीतामूलक

५. सहभागीतामूलक तालीम भए सम्वन्धित संस्थाको नाम र ठेगाना

**६. तालीमको उपयोगितास्तर**

क) स्वरोजगारीमा संलग्न

ख) ज्याला रोजगारी प्राप्ती : स्वदेश/विदेश

ग) अन्दाजी मासिक आम्दानी रु.

घ) घरायसी प्रयोजनमा सिमित

ङ.) व्यावसायिक उपयोग हुन सकेको छैन।

**७. स्वरोजगारीमा संलग्न भए**

- उद्यम/व्यवसायको नाम र ठेगाना :
- उद्यम/ व्यवसायबाट हुने अन्दाजी मासिक आम्दानी रु
- उद्यम/व्यवसाय दर्ता छ छैन ?
- रोजगारी संख्या
- लगानी (अन्दाजी) रु

**८. सीप अनूरुपको उद्यम/व्यवसाय नगरेको भए सो को मुख्य कारणहरु**

क) सीप नपुग

ख) वजार व्यवस्थापन संवन्धि ज्ञानको कमी

ग) कम गुणस्तर तालीम

घ) पुंजीको अभाव

ङ) पारीवारिक असहयोग

च) पेशा परिवर्तन

छ) अन्य :

**९. सीप अनुरुपको व्यवसाय गर्न कर्जा लिएको भए :**

क) कर्जा प्रबाह गर्ने बित्तीय संस्थाको नाम र ठेगाना

ख) कर्जा रकम : रु

ग) कर्जा लिएको मिति :

घ) कर्जा मध्ये सांवा/व्याज भुक्तान भए नभएको  रकम रु

**१०. सीप अनुरुप उद्यम/व्यवसाय सञ्चालनमा देखिएका मुख्य समस्याहरु**

क)

ख)

ग)

**११. प्रशिक्षार्थीको अपेक्षा तथा सुझाव :**

क)

ख)

**१२. अन्य**

**१३. अनुगमन कर्ताको भनाइ**

क)

ख)

ग)

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

| | |
|---|---|
| सम्वन्धित प्रशिक्षार्थीको | अनुगमन गर्नेको |
| सहि | सहि |
| नाम : | नामः |
| दर्जा | दर्जा |
| मिति : | मिति : |

कार्यालय प्रयोजनको लागि मात्र

यो निर्देशिका २०६८ पौष.... गते देखि लागु हुनेछ।

अनुसूची १२

(दफा (३३)को उपदफा (१) को खण्ड(ङ)संग सम्बन्धित )

## व्यावसायिक तथा सीप विकास तालीम केन्द्र

## उत्कृष्ट प्रशिक्षार्थीको व्यक्तिगत बिवरण

| क.स. | प्रशिक्षार्थीको नाम थर | ठेगाना | तालीमको बिषय | तालीम लिएको बर्ष | स्वरोजगारी/ ज्यालारोजगारी | मासिक आम्दानी | स्वरोजगारी भए | | | कर्जा लिएको भए | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | व्यवसायको नाम ठेगाना | दर्ता छ? | रोजगारी संख्या | बैंकको नाम | रकम |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अन्य आवश्यक विवरणहरु :